का.जि.प्र.का.द.नं. १००/०५९/६०
८ फागुन २०८०,
मंगलबार
20 February 2024,
Tuesday
मूल्य रु. ५/-

मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २२, अंक ७ । पृष्ठ १०
Madhyanha National Daily
www.madhyanhadaily.com

# नीतिमै देउवा–गगन आमुन्ने सामुन्ने

संसदीय दलको नेता बन्नका लागि देउवा र थापाबीच प्रतिस्पर्धा भएको थियो । १४औं महाधिवेशनमा देउवा गुटबाट समेत मत क्रस गराएर थापाले महामन्त्रीमा लोकप्रिय मत ल्याएका थिए । नीति महाधिवेशनमा फेरि देउवा-गगन आमुन्ने सामुन्ने भएका हुन् ।



**आरके डिसी/मध्यान्ह**
काठमाडौं, ७ फागुन ।

सोमबार दिनभर नेपाली कांग्रेसका शीर्ष नेताहरु महासमिति बैठकमा प्रस्तुत गर्ने राजनीतिक प्रतिवेदनमाथिको छलफलमा केन्द्रित रहे । महासमिति बैठकका लागि महामन्त्री गगन थापाले सांगठनिक प्रतिवेदन तयार पारेका थिए । जसमा चुनावी गठबन्धन नगर्ने संकल्प गर्ने विषय समावेश छ । यो विषय तत्काल निर्णय गरेर जाने विषय नभएको भन्दै शरबहादुर देउवा पक्षले संशोधन माग गरेको छ ।

नेपाली कांग्रेसका प्रचार विभाग प्रमुख मिन विश्वकर्माका अनुसार 'चुनावअघिको गठबन्धन नगर्ने संकल्प गरौं भन्ने विषय संशोधन गर्ने विषयमा नेताहरुका बीचमा छलफल भएको हो ।'

नेताहरुका अनुसार सतहतमा चुनावी गठबन्धनको विषय भएतापनि सारमा पार्टी नेतृत्वको लागि आफूलाई तयार गर्दै लगेका महामन्त्री गगन थापा र पार्टी पृष्ठ २ मा

## संविधान संशोधनको पक्षमा देउवा

नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा संविधान संशोधनको पक्षमा देखिएका छन् ।

ललितपुरको गोदाबरीमा सोमबार सुरु भएको महासमिति बैठकलाई सम्बोधन गर्दै देउवाले शासकीय स्वरुपमा मूलभूत विषयलाई प्रभाव नपार्ने गरी संविधान संशोधनबारे छलफल गर्नुपर्ने बताए ।

तर, के कस्ता विषयमा संविधान संशोधन गर्ने हो देउवाले खुलाएनन् । 'संविधान जारी भएको ८ वर्ष भइसकेको छ । संविधान कार्यान्वयनका क्रममा देखारेका समस्या, जटिलता वा अस्पष्टता समेतको पहिचान भएको छ ।'

संविधान गतिशील दस्तावेज र यसको दीर्घजीवनका लागि जनताको स्वीकार्यता र स्वामित्व स्थापित गर्न आवश्यम रहेको भन्दै सभापति देउवाले थपेका छन्, 'संविधानले व्यवस्था गरेको शासकीय स्वरुपको मुलभूत विषयमा प्रतिकुल प्रभाव नहुने गरी संविधान संशोधनमा छलफल गर्नु पर्दछ ।'

मोवाइलको लतबाट बालबालिकालाई बचाऔं

- मोवाइलको लत लागेका बालबालिकामा निन्द्रा ढिलो लाग्ने, गहिरो निन्द्रा नलाग्ने र पटक पटक ब्युझने समस्या देखिन सक्छ,
- मोवाइलको लतले बालबालिकाको मानसिक तथा शारिरीक विकासमा नै असर पुर्याउन सक्छ,
- मोबाइल देखाएर खाना खुवाउनाले बालबालिकालाई खानाको स्वाद थाहा नहुन सक्छ,
- यसले पाचन प्रणालीमा समस्या हुन सक्दछ,
- उनीहरुलाई कुराकानी गरेर, डुलाएर, गीत गाएर तथा उनीहरुको हाउभाउमा प्रतिक्रिया जनाउँदै खाना खुवाऔं,

*अभिभावकले अत्याधिक मोबाइल चलाउँदा बालबालिकालाई मोवाइलको लत बस्न सक्दछ, त्यसैले अभिभावकले मोवाइलको कम प्रयोग गरौं।*

नेपाल सरकार
विज्ञापन बोर्ड

## वीरगञ्जमा अनिश्चितकालीन कर्फ्यू

**कृष्ण तिवारी/मध्यान्ह**
रौतहट, ७ फागुन ।

पर्साको वीरगञ्जमा अनिश्चितकालीन कर्फ्यू लागेको छ ।

वीरगञ्जमा रौतहटमा भएको दुई पक्षबीचको झडपलाई लिएर सोमबार बजार बन्द गराइएका थिए । बजार बन्द गरिएपछि स्थिति तनावग्रस्त बनेको थियो । स्थितिलाई नियन्त्रणमा लिनको लागि जिल्ला प्रशासन कार्यालयले वीरगञ्जमा कर्फ्यू आदेश जारी गरेको हो ।

सोमबार साँझ ५ बजेदेखि अर्को आदेश नभएसम्मको लागि अनिश्चितकालीन कर्फ्यू आदेश जारी गरिएको पर्साका सहायक प्रमुख जिल्ला अधिकारी शिवप्रसाद लम्सालले जानकारी दिए । वीरगञ्जमा बजार बन्द गरिएपछि अहिले ठूलो संख्यामा प्रहरी परिचालन गरिएको छ ।

# विवादित जग्गामा मेडिकल कलेज !



नक्सा पास नगराइ निर्माण गरिरहेको संरचना रोक्का गर्न पत्राचार गरेपनि रातारात निर्माण कार्य गरिरहेकाले अब सिधै नगरपालिकाले उक्त संरचना भत्काउने कानूनी प्रक्रिया अगाडि बढाउँछ ।

**ईशरत प्रविन**
**नगर उपप्रमुख**
**राजविराज नगरपालिका**

**पिन्टु यादव/मध्यान्ह**
सप्तरी, ७ फागुन ।

सप्तरीको राजविराज नगरपालिका -४ स्थित युनिक मेडिकल कलेजले निर्माण गरिरहेको संरचनाको जग्गा स्वामित्वमा विवाद देखा परेको छ । निर्माण कार्य रोक्न नगरपालिकाले पत्राचार गरेपनि कलेज संचालकले काम रोकेको छैन ।

कलेजले नक्सा पास नगराई गरिरहेको संरचना निर्माण कार्य अविलम्ब रोक्का गर्न नगरपालिकाले संगिता ठाकुरको नाममा पत्राचार गरेपछि सो जग्गाको स्वामित्व कायम गर्न त्रीपक्षीय दाबी देखा परेको हो ।



*भवन निर्माणाधीन स्थल*

नयाँ जग्गा धनी संगिता ठाकुर र पुरानो जग्गा धनी दिनेश ठाकुर तथा राजविराज नगरपालिकाले स्वामित्वमा दाबी गरेपछि विवाद सतहमै आएको हो । राजविराज नगरपालिका-४ भलुवाही नदीको उत्तरपूर्व तर्फको वि.स.२००४ सालको राजपुर पृष्ठ २ मा

## अदालतमा मुद्दा लैजान नापीको सुझाव

साबिक श्रेस्ता बमोजिम दिनेश ठाकुरले दाबी गरेको निर्माणाधीन संरचनामा पर्ने १६ कट्ठा जग्गा संगिता ठाकुरको नाउँमा दर्ता भएको उक्त जग्गाको अभिलेख भुमि सुधार तथा मालपोत कार्यालय सप्तरीमा नरहेको कार्यालय प्रमुख केशव कुमार झाले जानकारी दिएका छन् ।

उनका अनुसार साबिक बिहारपुर मौजेमा उल्लेख गरिएको बिना कित्ता नम्बरको उक्त जग्गाको रसिद संगिता ठाकुरको नाममा पृष्ठ २ मा

## ईशनाथमा कर्फ्यूका बीच मूर्ति बिसर्जन

सरस्वतीको मूर्ति सेलाउने विषयलाई लिएर तनाव भएपछि रौतहटको ईशनाथमा कर्फ्यू लागेको छ । ईशनाथमा सोमबार कर्फ्यू अवधिभित्रै पुरानै सहमति अनुसार सरस्वतीको मूर्ति बिसर्जन गरिएको छ ।

मधेश प्रदेश प्रहरी प्रमुख एवं डीआइजी यज्ञविनोद पोखरेलको सक्रियतामा जिल्ला समन्वय समितिको सभाकक्षमा सोमबार बसेको सर्वदलीय सर्वपक्षीय बैठकको निर्णय अनुसार पुरानै सहमतिमा मूर्ति सेलाइएको हो ।

ईशनाथ-७ घिउरा गाउँस्थित विद्यालय छेउको सार्वजनिक पोखरीमा यसअघि भएको सहमति अनुसार मूर्ति सेलाइएको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता डीएसपी एलिजा गिरीले बताइन् ।

प्रमुख जिल्ला अधिकारी हिरालाल रेग्मीको अध्यक्षतामा बसेको बैठकमा डीआइजी पोखरेल, सशस्त्र प्रहरीका डीआइजी दीपेन्द्र साह, राष्ट्रिय अनुसन्धान विभागका डीआइजी सञ्जय यादव, विभिन्न राजनीतिक दलका प्रतिनिधिको सहभागिता थियो ।

बैठक लगत्तै संघीय सांसद किरण कुमार साह, जिल्ला समन्वय समितिका सभापति रामअयोध्या यादव, तीनै सुरक्षा निकायका डीआइजी, पार्टीका प्रतिनिधि सम्मिलित पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# रोजगारदाता दैलोमा आएपछि परिवार दंग

**मध्यान्ह संवाददाता**
सर्लाही, ७ फागुन

सोमबार अपराह्न आफ्नै आँगनमा छोरा विनय कुमार महराका मलेसियाली रोजगारदाता हावर्ट ओवार्ड हालखबर बुझ्दै आइपुगेपछि उनका बुबा मिश्री महरा हर्षले पुलकित थिए । स्थानीय स्तरमा रंगरोगनको काम गर्ने ४० वर्षीय महराले हतार-हतार मोबाइल खोलेर मलेसियामा रहेको छोरासँग भिडियो कलमा जोडिए । स्थानीय भाषामा उनले भने, 'तोहर मालिक हमार घरमे आईलेबानी ।' अर्थात 'तेरो मालिक हाम्रो घरमा आएको छ ।'

पहिलोपटक आफ्नो कम्पनीमा काम गर्ने कामदारको घर र परिवारको वास्तविक अवस्था बुझ्न आएका रोजगारदाता हावर्ट ओवार्डले लामो जिज्ञासा नराखी मिश्रीको सुत्ने, खाना पकाउने, गाईबस्तु तथा अन्न राख्ने सबै ठाउँ नियाले । आफूसँग भएको



मोबाइल फोनले सबै ठाउँको तस्बिर लिए । टायलले छाएको साँघुरो घर भएका कारण उनी राम्रोसँग उभिन पनि पाएनन् ।

त्यसपछि हावर्डले मिश्रीलाई सोधे, 'मलेसियामा तिम्रो छोराको तलब सुविधा वा अन्य विषयमा शिकायत केही छ भने भन, नेपालबाट मलेसिया जाँदा कति खर्च लाग्यो त्यो पनि सुनाउ ।' जवाफमा मिश्रीले भने, 'अहिलेसम्म कुनै शिकायत छैन, मलेसिया जाँदा कुनै खर्च लागेन सबै राम्रो छ । तर छोराले मलेसियामा ओभरटाइम गर्न पाएको छैन । ओभरटाइम मिलाइदिनु पर्‍यो ।' जवाफमा हावर्टले भने, ' ओभरटाइमको ग्यारेन्टी गर्न सकिँदैन, अरू समस्या भए भन्नुस् ।' त्यस जवाफमा मिश्रीले कुनै प्रतिक्रिया जनाएनन् ।

मिश्रीसँग कुराकानी गरेपछि हावर्ट नजिकै रहेको अर्का कामदारको घर उमेश महराको घरमा गए । उमेशकी श्रीमतीले पनि रोजगारदाता हावर्टलाई आफ्ना श्रीमानको तलब बढाइदिन माग गरिन् । जवाफमा हावर्टले त्यसमा सहानुभूतिपूर्वक विचार गर्ने बताए ।

राजधानीमा रहेको एलायन्स ह्युमन रिसोर्स पृष्ठ २ मा

## कोरियन भाषा परीक्षा शुरु

काठमाडौं/रासस- ईपीएस कोरिया शाखाले लिने कोरियन भाषा परीक्षा सोमबारदेखि शुरु गरेको छ । राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान, भैँसेपाटीमा परीक्षा शुरु भएको शाखाले जनाएको छ ।

परीक्षा एक दिनमा पाँच वटा सिफ्टमा लिइने व्यवस्था मिलाएको शाखाले जनाएको छ । ईपीएस कोरिया शाखाकी निर्देशक मैयाँ कँडेलले त्यसमा एक हजार जनाले परीक्षा दिन पाउने गरी व्यवस्था मिलाइएको जानकारी दिइन् । पहिलो सिफ्टमा करिब ४७ हजार पाँच सय १९ जनाले कोरियन भाषा परीक्षा दिने र शनिबार पनि परीक्षा दिने गरी पृष्ठ २ मा

# आन्दोलनको मुडमा एमाले

### सत्तागठबन्धन नभत्किएसम्म सरकारमाथि दबाब बढाउने

आन्दोलन वा अन्य प्रकारका कार्यक्रम गरेर गठबन्धन भत्काउने एमालेको मुख्य नीति छ । नसके सरकारमाथि दबाब बढाउने र प्रमुख प्रतिपक्षीको हैसियतमा राज्य सत्तामा सहभागिता खोज्ने एमाले रणनीति छ ।





**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ७ फागुन ।

नेकपा एमालेले केन्द्रीय समिति बैठकका लागि ६ एजेण्डा तय गरेको छ । एमालेको केन्द्रीय समितिको बैठक मंगलबार बिहान ११ बजे केन्द्रीय कार्यालय च्यासलमा सुरु हुँदैछ । उक्त बैठक १० फागुनसम्म चल्नेछ ।

बैठकका लागि तय भएको एजेण्डामा गठबन्धन सरकारविरुद्ध आक्रामक ढंगले प्रस्तुत हुने लगायतका कार्यक्रम छन् । पार्टीको केन्द्रीय कमिटी बैठकमार्फत निर्णय गर्दै सदनदेखि सडकसम्मका आन्दोलनका कार्यक्रमहरु तय गरिने नेताहरु बताउँछन् ।

पहिलो एजेण्डामा अध्यक्ष केपी शर्मा ओलीले मुलुकको समसामयिक राजनीति परिस्थितिबारे जानकारी दिनेगरी सम्बोधन गर्ने, दोस्रो सांगठानिक कामको समीक्षा, एजेण्डामा समग्र सांगठानिक कामको समीक्षा, तस्रोमा संगठन शुद्धीकरण तथा सुदृढीकरण कार्यक्रमको अवधारणा, चौथोमा जनआधारित कार्यकर्ता पार्टी निर्माणमा देखिएको समस्या र समाधानका पृष्ठ २ मा



मध्यान्ह
www.madhyanhadaily.com
८ फागुन २०८०, मंगलबार
20 February 2024, Tuesday

# मानव अधिकार उल्लंघन बढ्यो




**काठमाडौं/मस-** पछिल्लो समय मानव अधिकार उल्लंघनका घटना बढ्दै गएको पाइएको छ । सन् २०२३ मा मानव अधिकार उल्लंघन तथा ज्यादतीको घटनामा ९ हजार ३ सय ८८ जना पीडित भएको तथ्यांक सार्वजनिक भएको छ ।

सोमबार अनौपचारिक क्षेत्र सेवा केन्द्र(इन्सेक) ले नेपाल मानव अधिकार वर्ष पुस्तक २०२४ सार्वजनिक गर्दै सन् २०२३ मा मानव अधिकार उल्लंघन तथा ज्यादतीको घटनामा ९ हजार ३ सय ८८ जना पीडित भएको जानकारी दिएको हो ।

सन् २०२३ (२०७९ पुस १७ देखि २०८० पुष १५ गतेसम्म) मानव अधिकार उल्लंघनका घटनामा १ सय ४६ जना महिला र ८ सय ४२ पुरुष गरी जम्मा ९ सय ८८ जना पीडित भएको इन्सेकको प्रतिवेदनमा उल्लेख छ । त्यसैगरी ज्यादतीका घटनामा ७ हजार ७ सय १६ महिला, २ जना क्यु र ६ सय ८२ जना पुरुष पीडित भएको तथ्यांक छ ।

इन्सेकले सन् २०२२ मा मानव अधिकार उल्लंघन र ज्यादतीका घटनामा ७ हजार ३ सय ७६ जना पीडित भएको उल्लेख गर्दै सन् २०२३ मा यो संख्या सन् २०२२ भन्दा २ हजार १२ जना बढी भएको जनाएको छ । सन् २०२३ मा राज्य पक्षबाट ६ जनाको हत्या भएको प्रतिवेदनमा उल्लेख छ ।

त्यसैगरी यातनाको घटनामा २ जना, गिरफ्तारीको घटनामा २ सय ४० जना, जातीय विभेदका घटनामा ६२ जना, कुटपिटका घटनामा ४ सय १४ जना, अमानवीय व्यवहारका घटनामा ३१ जना, भेला तथा संगठित हुने अधिकारमा ५ सय ५ जना पीडित भएको इन्सेकले अभिलेख राखेको छ ।

इन्सेकको अभिलेख अनुसार प्रहरी हिरासतमा २ जना र कारागारमा ५१ जनाको मृत्यु भएको छ । संखुवासभा कारागारमा प्रहरीको यातना तथा कुटपिटबाट २ जना बन्दीको मृत्यु भएको पनि उल्लेख गरिएको छ । त्यसैगरी, राज्य पक्षबाट एक जना बेपत्ता पारिएको र अन्य पक्षले २ जनालाई बेपत्ता पारेको इन्सेकको प्रतिवेदनले उल्लेख गरेको छ ।

सन् २०२३ मा ३ सय २३ जना व्यक्तिहरुको हत्या भएको प्रतिवेदनमा देखाइएको छ। जसमध्ये राज्य पक्षबाट ६ जना र अन्य पक्षबाट ३१७ जनाको हत्या भएको पाइएको छ । प्रतिवेदनकाअनुसार कोशी प्रदेशमा राज्यपक्षबाट ३ र अन्य पक्षबाट ६० जना गरी ६३ जना, मधेस प्रदेशमा राज्य पक्षबाट १ र अन्य पक्षबाट ६४ गरी ६५ जना, वागमती प्रदेशमा राज्य पक्षबाट २ र अन्य पक्षबाट ५६ गरी ५८ जनाको हत्या भएको छ। त्यस्तै गण्डकी प्रदेशमा अन्य पक्षबाट २८ जना, लुम्बिनी प्रदेशमा अन्य पक्षबाट ५५ जना, कर्णाली प्रदेशमा अन्य पक्षबाट ३८ जना र सुदूरपश्चिम प्रदेशमा अन्य पक्षबाट १६ जनाको हत्या भएको जनाइएको छ ।

# 'नइ पुरस्कार' नौ जनालाई दिइने

**कृष्णानन्द भट्ट/मध्यान्ह**
काठमाडौं, ७ फागुन



नइ प्रकाशनले राष्ट्रिय जीवनका ख्यातिप्राप्त नौ जनालाई वि.सं.२०७९ सालको 'नइ पुरस्कार' प्रदान गर्ने भएको छ ।

नइ प्रकाशनले नेपालको भौगोलिक अखण्डता, सार्वभौमिकता, राष्ट्रिय स्वाधीनता र स्वाभिमानको सम्बर्द्धनका लागि डा.भेषबहादुर थापालाई 'नइ कीर्तिनिधि पुरस्कार' प्रदान गर्ने भएको छ भने ६ दशक अघिदेखि नेपालको पश्चिमाञ्चल क्षेत्रमा उच्च शिक्षाको थालनी र सम्बर्द्धनका लागि समर्पित पोखराका प्रा.जर्ज जोनलाई 'नइ भूपालदुर्गा पुरस्कार' दिने भएको छ । यसैगरी ६ दशकदेखि नारीहरूको स्वास्थ्य सेवा, स्वास्थ्योपचारको जागरण र विकासमा अविरल समर्पित प्रसूति विशेषज्ञ डा.सरस्वती पाध्येलाई 'नइ भावि पुरस्कार' दिने भएको छ । यस्तै खेलकुदको विकासमा मन, वचन र कर्मद्वारा संलग्न रही अन्तर्राष्ट्रियस्तरमा समेत नेपालको प्रतिष्ठा बढाएबापत कुमार मोहन बहादुर शाहीलाई 'नइ भाजप पुरस्कार' दिने भएको छ । नेपाली कलाका फाटमा अविच्छिन्न संलग्न रही अन्तर्राष्ट्रिय क्षेत्रमा समेत नेपाली संस्कृतिमा आधारित चित्रकलाको प्रतिष्ठा बढाए बापत कृष्णगोपाल रञ्जितलाई 'नइ यउजा पुरस्कार' दिने भएको छ ।

त्रिमूर्ति निकेतनको स्थापनाका निम्ति विशिष्ट भूमिका निर्वाह गर्नुको साथै पत्रकारिताका माध्यमबाट सामाजिक चेतनाको निर्माण एवम् नेपाली भाषाको सम्बर्द्धनका निम्ति अनुकरणीय योगदान गरे बापत वरिष्ठ पत्रकार हरिहर विरहीलाई 'नइ देरुनीख सुकीर्ति पुरस्कार' दिने भएको छ ।

यसैगरी काठमाडौं उपत्यका बाहिर रहेर नेपाली भाषा साहित्यको सिर्जना र सम्बर्द्धनमा विशिष्ट योगदान पुऱ्याए बापत स्याङ्जाका विश्व प्रेम अधिकारीलाई 'नइ धनरूप पुरस्कार' दिने भएको छ भने सनातन अध्यात्म दर्शन र धर्म संस्कृतिको जागरण, संरक्षण र सम्बर्द्धनका लागि प्राज्ञिक रूपमा समर्पित कमल रिजाललाई 'नइ चन्द्रधन पुरस्कार' दिइने भएको छ ।

नेपाली साहित्यको श्रीबृद्धिमा सिर्जनात्मक र संस्थागत रूपमा निरन्तर क्रियाशील रही नेपाली भाषा साहित्यको गौरव बढाए बापत श्रीओम श्रेष्ठलाई 'नइ ईश्वरवल्लभ पुरस्कार' दिने भएको छ । यी सबै पुरस्कारहरुको राशि जनही एक लाख रुपैयाँ रहेको छ । नइ प्रकाशनका कुलपति श्रीमती इन्दिरा प्रसाईंको अध्यक्षतामा बसेको नइ प्रकाशनको बैठकले उक्त पुरस्कार प्रदान गर्ने निर्णय गरेको हो ।

# बाजुराका बस्तीमा झरो र टुकीकै भर



**धनकृष्ण विक/मध्यान्ह**
बाजुरा, ७ फागुन

बाजुराको पूर्वी उत्तरी भेगमा पर्ने हिमाली गाउँपालिका वडा नं ५ स्थित क्युडिका नागरिकहरू अझै पनि झरो र टुकीको उज्यालोमा बस्न बाध्य भएका छन् ।

१८ औं शताब्दीको पुनरावृत गराउने खालका काहली लाग्दा चाउरी परेका मुहारले कसैको सहयोग, कसैको हात, कसैको साथ र सहयोग खोजिरहेका छन् । यहाँका अबोध बालबालिकादेखि विश्रामको खोजीमा रहेका वृद्धवृद्धाहरूमा नत गाँसको व्यवस्था छ न त उज्यालोको नै ।

हुन त गाउँगाउँमा सिंहदरबार आयो । जनताका दुःख सुखमा मलमपट्टी लगाउन सजिलैसँग नागरिकका गुनासामा सरकारको प्रत्यक्ष निगरानी हुनुपर्ने हो । तर वडा नं ५ क्युडि बासीका लागि भने हात्ती आयो हात्ती आयो फुस्स भने झैं भएको छ ।

विश्व इन्टर नेटको जमनामा छ। तर क्युडिका नागरिकहरु भने अझै पनि झरो र टुकीकै भरमा आफ्नो जीवन गुजारी रहेका छन् । अहिले पनि त्यहाँका नागरिक खरले छाएका छाना, पुराना प्रकृतिका घरमा बसिरहेका छन् । देशमा भूकम्प पीडितका लागि सरकारका विभिन्न सरोकारवाला निकायले राहत वितरणका नाममा करौडौं बजेट खर्च गरिसकेको छ । तर क्युडिका नागरिकका लागि न त भूकम्पको राहत थाहा छ, नत राहत कस्ता व्यक्तिका लागि पाउने हो भन्ने है थाहा छ । गरिबी कु-संस्कारको सिकार बनिरहेका हिमाली गाउँपालिका वडा नं ५ क्युडिका नागरिकहरू बाढी, पहिरो, खडेरीका कारण भोकमरीले छाक टार्न पनि धौं धौं भएको छ ।

यहाँ करिब ८० प्रतिशत बालविवाह हुने गरेको छ । जसले गर्दा आमा र बच्चाको अवस्था निकै नाजुक हुने गरेको यहाँका स्थानीयहरू बताउँछन् । सडक सञ्जाल कतै नजोडिएकाले यहाँका नागरिक पिठ्युँमै भारी बोकी आफ्नो दैनिकी गुजारा गरिरहेका छन् । क्यडिका नागरिक सञ्चारको सेवाबाट पनि बञ्चित हुनुका साथै सामान्य खालका जनचेतनामुलक कार्यक्रमको कमीले गर्दा स्वास्थ्य समस्या देखिने गरेको छ ।

# प्रधान न्यायालयको फैसला 'वेबसाइट'मा हेर्न सकिने




**काठमाडौं/मस-** सर्वोच्च अदालतको 'वेबसाइट'मा प्रधान न्यायालय (२००८-२०१३) को फैसला हेर्न सकिने भएको छ। नेपाल कानून पत्रिका प्रकाशनको दिवस पारेर सोमबार सर्वोच्च अदालतले तत्कालीन प्रधान न्यायालयबाट भएका फैसला वेबसाइटमार्फत सार्वजनिक गरेको हो ।

प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठले प्रधान न्यायालयको फैसला उतार गरी प्रकाशन गर्नु आफैंमा महत्वपूर्ण भएको बताए । उनले न्यायाधीश, कानुन र न्यायको क्षेत्रमा कार्यरत अधिकृत तथा कर्मचारी, कानुन व्यवसायी, अनुसन्धानकर्ता, कानुनका विद्यार्थीलगायत सरोकारवालालाई अत्यन्तै उपयोगी स्रोत सामग्री हुने विश्वास व्यक्त गरे। प्रधानन्यायाधीश श्रेष्ठले न्यायालयका कतिपय फैसला न्यायिक इतिहासमा युगान्तकारी फैसला रहेका र फैसलालाई बोधगम्य भाषामा उतार गरी सर्वोच्च अदालतको वेबसाइटमा प्रविष्ट गरी सबैका लागि पहुँचयोग्य बनाउनु आफैंमा ऐतिहासिक कार्य भएको बताए । प्रधानन्यायाधीश श्रेष्ठले भने, 'सार्वजनिक सम्पत्तिका रूपमा रहेका तर जनमानसमा सहजरूपमा उपलब्ध हुन नसकेका प्रधान न्यायालयका फैसला पुरानो लेखन शैलीबाट नयाँ नेपाली भाषाको लेखन शैलीमा उतार गरी जनमानसमा उपलब्ध गराउने कार्यले हाम्रो मौलिक विधिशास्त्रको उजागर गरी कानूनी ज्ञानको प्रवर्द्धन गर्नेतर्फ महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ ।'

सर्वोच्च अदालत सम्पादन तथा प्रकाशन समितिका अध्यक्ष न्यायाधीश हरिप्रसाद फुयालले तत्कालीन प्रधान न्यायालयबाट भएका केही फैसला सार्वजनिक गर्दै प्रधान न्यायालयको फैसला उतारको काम सकिएको जानकारी दिँदै वेबसाइटमा 'अपलोड'को काम भइरहेको बताए । उनका अनुसार २००९ देखि २०१४ सालभित्र प्रधान न्यायालयबाट भएका फैसला अपलोडको काम भइरहेका छन भने छिट्टै सबै फैसला वेबसाइटमा राखिने छन् । प्रधान न्यायालय ऐन आएपछि भएको पहिलो फैसलाका रुपमा हाल उपलब्ध भएकामध्ये 'बाटो खुलाइ पाऊँ' भन्ने पहिलो फैसला रहेको र उक्त फैसला २००९ साउन २७ गते भएको उल्लेख छ ।

प्रजातान्त्र दिवस

# जुम्ला बजारमा प्रभातफेरी

**मध्यान्ह संवाददाता**
जुम्ला, ७ फागुन



प्रजातान्त्र दिवसको अवसरमा जुम्ला बजारमा पन्चेबजासहित प्रभातफेरी ऱ्याली र तातोपानीमा वृक्षारोपण गरिएको छ । यस्तै सिजा गाउँपालिकाले बजार खोला र नराकोट बजार सरफाई गरी मनाएको हो । जुम्लाका प्रमुख जिल्ला अधिकारी जयकुमार घिमिरेले राणा शासन अन्त्य भइ प्रजातन्त्र स्थापना भएको दिनको सम्झनामा हरेक वर्ष फागुन ७ गते राष्ट्रिय प्रजातन्त्र दिवस मनाउने गरिएको बताए । उनका अनुसार सरकारले यही वर्षबाट प्रजातन्त्र दिवसलाई थप महत्वका साथ मनाउने निर्णय गरेको छ ।

त्यस्तै सिजा गाउँपालिले पनि स्वाथ्य शाखाका प्रमुख ललित रोकायाको संयोजकत्वमा सात सदस्य समारोह समिति गठन गरिएको थियो । ७४ औं प्रजातन्त्र तथा प्रथम निर्वाचन दिवसको अवसरमा सिजाले सरसफाइ कार्यक्रम गरी मनाएको छ। स्वास्थ्य शाखाका प्रमुख रोकाया अनुसार बजार क्षेत्रमा सरसफाई गरिएको छ ।

त्यस्तै सिजागाउँपालिका प्रमुख प्रशासकीय अधिकृत पवित्रा शाहीले सोमबार बिहान राष्ट्रिय झण्डा मर्यादित रुपमा समाउने काम गरिएको बताइन् । उनका अनुसार सभ्यता र वातावरणसँग जोडिएको विषय भएकाले सरसफाई गरिएको बताइन् । उनले नराकोट बजारलाई अझै सुन्दर बनाउन सबै नागरिकलाई सरसफाईमा जुट्न आग्रह गरिन् । उनका अनुसार सबै कर्मचारीलाई पोशाकसहित प्रजातन्त्र दिवसमा आउन भनिएको थियो ।

# नातिनीले दिइन् हजुरआमालाई दागबत्ती



**लालबाबु बानिया/मध्यान्ह**
पर्सा, ७ फागुन

पर्साको धोबीनी गाउँपालिका वडा नं.४ मा नातिले हजुर आमाको काजक्रिया गरेकी छन् ।

फागुन ३ गते हजुरआमाको निधन भएपछि प्रियंका कुमारीले हजुर आमाको दागवत्तीका साथै काजक्रियामा बसेकी हुन् । प्रियंका र बहिनी अनिषा मामा घरको हजुर आमासँग बस्दै आएका थिए । हजुर आमाले उनीहरुलाई गाउँमा नाई काम गरेर पालन पोषण गर्दै आएकी थिइन् । तर उनको यहि फागुन ३ गते निधन भएको थियो । हजुर आमातर्फ छोरा छोरी कोही नभएपछि नातिनीले काजक्रिया गरेकी हुन् । जेठो नातनी १० वर्षीया प्रियंकाले दागवत्ती समेत दिइन् । उनी अहिले हजुर आमाको किरीया बसेकी छन् ।

उनले भनिन्, 'हजुर आमाको आफन्त कोहि नभएपछि म नातिनी नै काजक्रियामा बसेको छु । मैले नै दागवत्ती दिए ।'

## नीतिमै ...

सभापति शेरबहादुर देउवा नीतिमै आमुन्ने सामुन्ने भएका हुन् ।

संस्थापन पक्षले प्रि इलेक्सन एलायन्स नगर्ने संकल्प गर्ने प्रस्तावप्रति आपत्ति जनाएको छ । तर, महामन्त्री थापाले ल्याएको प्रतिवेदनमा भविष्यमा हुने आवधिक निर्वाचनहरुमा निर्वाचन पूर्वगठबन्धन नगर्ने संकल्प गर्ने उल्लेख छ । चार वर्ष पछिको निर्वाचनका लागि अहिले नै किन निर्णय लिनु भन्ने संस्थापन पक्षको भनाइ छ । महाधिवेशन कार्यतालिका र विधानसँग बाझिएका विषयमा संशोधनमा नेताहरु सहमत भएका छन । महामन्त्री थापाको अडानप्रति सभापति देउवाले महासमितिको बैठकमै असन्तुष्टि जनाए । देउवाले आगामी निर्वाचनमा गठबन्धन गर्ने कि नगर्ने भन्ने विषयमा अहिले नै निर्णय लिइहाल्न उपयुक्त नभएको बताए । उनी भन्छन्, 'भविष्यमा राजनीतिक गठबन्धन गर्ने कि नगर्ने भन्ने विषयमा तत्कालीन परिस्थितिमा निर्भर हुन्छ । त्यसैले पार्टीले तत्कालीन परिस्थितिअनुसार गठबन्धनको औचित्य, सान्दर्भिकता लगायतका विभिन्न ठोस मूल्यांकन र छलफल गरी त्यसै बेलामा उचित निर्णय लिनसक्नेछ ।'

यसअघि, प्रतिनिधिसभामा कांग्रेसले संसदीय दलको नेता बन्नका लागि सभापति शेरबहादुर देउवा र महामन्त्री गगन थापाबीच प्रतिस्पर्धा भएको थियो । देउवाइतर समूहले थापालाई एकल उम्मेदवार बनाएको थियो । तर, देउवा नै संसदीय दलको नेता निर्वाचित भएका थिए । त्यसअगाडि १४ औं महाधिवेशन देउवा गुटबाट समेत मत क्रस गराएर थापाले महामन्त्रीमा लोकप्रिय मत ल्याएका थिए । नीति महाधिवेशनमा फेरि देउवा-गगन आमुन्ने सामुन्ने भएका हुन् ।

## विवादित...

मौजे कायम रहेको उक्त नम्बरी ब्लकको जग्गामा मुनी लाल हजामको नाति राजविराज नगरपालिका-९ मलेठ बस्ने दिनेश ठाकुर हजामले दाबी पेश गरेपछि विवाद बढेको हो । जग्गाको स्वामित्वका लागी ठाकुरले दाबी गरेपछि नक्सा पास नै नगराई कलेज संचालकले रातारात संरचना ठड्याउन थालेको बताइन्छ ।

वि.स. २००४ सालको नापी रेकर्डमा राजपुर मौजेमा पर्ने कित्ता नम्बर १२२ को एक बिघा १५ कट्ठा जग्गा मुनी लाल हजामको नाउँमा कायम रहेको देखिएको छ। तर २०२८ सालको नापीमा दर्ता छुट हुन गएपछि उक्त जग्गा नम्बरी ब्लकमा परिणत भएको छ । हाल उक्त जग्गा ब्लक-९ भनी कायम गरिदिएको हो। सोही जग्गामा किर्ते रसिद खडा गरि युनिक कलेजका संचालक संगिता ठाकुरले संरचना निर्माण गरिरहेको आरोप लागेको छ। २०८० माघ २१ गते जिल्ला सप्तरी साबिक मलेठ गाउँ विकास समिति वडा नम्बर २ हाल राजविराज नगरपालिका-९ बस्ने मुनिलाल हजाम ठाकुरको नाति स्व बलराम ठाकुरको छोरा दिनेश ठाकुरले साबिक श्रेस्ता बमोजिम जग्गाको नापी लगायत कुनै प्रकारबाट हकभोग स्थापित गर्न नपाउने गरी यथास्थितिमा रोक्का राखी पाउँ भनेर जिल्ला प्रशासन कार्यालय सप्तरीमा निवेदन दर्ता गराएका थिए । त्यसपछ यो विवाद सार्वजनिक भएको हो । सोही निवेदनको कारबाही प्रक्रिया अनुसार प्रमुख जिल्ला अधिकारी किरण थापाको तोक आदेशानुसार पुरानो जग्गा धनी भएको उक्त जग्गा धनीको सहमति बिना घर निर्माण भईरहेको भनी दिएको निवेदन उपर वास्तविकता बुझी नियमानुसार गर्न प्राप्त निवेदन नापी कार्यालय सप्तरी पठाएको पाइएको छ ।

## अदालतमा...

कटिरहेको भएता पनि कार्यालयमा कुनै किसिमको अभिलेख देखिएको छैन् । नापी कार्यालय सप्तरीका अनुसार उक्त ब्लक जग्गाको नापी नभएको अवस्था रहेकाले स्वामित्वमो विवाद देखा परेको देखा परेको हो । यस्तो विवाद नितान्त देवानी प्रकृतिको मुद्दा भएकाले जग्गा धनीलाई अदालत जान सुझाव दिइएको छ । राजविराज नगरपालिकाले नक्सा पास नगराई निर्माण गर्न लागिएको संरचना नगरपालिकाले भत्काउन कानुनी प्रक्रिया अगाडी बढाउने बताइएको छ । कार्यवाहक नगर प्रमुख ईशरत प्रविन 'नक्सा पास नगराई निर्माण गरिरहेको संरचना रोक्का गर्न पत्राचार गरेपनि रातारात निर्माण कार्य गरिरहेकाले उक्त संरचना भत्काउन कानुनी प्रक्रिया अगाडी बढाउने' बताउँछिन् ।

## इशनाथमा...

टोली पुगेर चार दिनदेखि थन्किएको मूर्ति बिसर्जन गरेको हो ।

यसअघि, संघीय संसद किरण कुमार साहको पहल तथा प्रमुख जिल्ला अधिकारी रेग्मीको अध्यक्षतामा ईशनाथ-७ घीउरा गाउँमा डिजे बाजासहितको ट्याक्टर साविक बाटो हुँदै लैजाने र सरस्वतीको मूर्ति अर्को बाटो हुँदै गाउँ छेउ विद्यालय नजिकैको सार्वजनिक पोखरीमा बिसर्जन गर्ने सहमति भएको थियो। सोही निर्णय अनुसार मूर्ति विसर्जन गरिएको हो । शनिबार सरस्वतीको मूर्ति सेलाउन लैजाने समूहमाथि घिउरामा मुस्लिम समुदायले घरको छतबाट ढुंगा हान्दा स्थानीय कार्तिकेश ठाकुर लगायतका केही व्यक्ति घाइते भएका थिए । स्थिति नियन्त्रणमा लिन जिल्ला प्रशासन कार्यालयले शनिबार साँझ ५ बजेदेखि लागु हुनेगरी कर्फ्यु आदेश जारी गरेको थियो ।

## रोजगारदाता...

प्रा.लि.मार्फत मलेसियाको अत्याधुनिक फर्निचर उत्पादन गर्ने बेलायती लगानीको बीएसएसबी एसडीएन बीएचडी कम्पनीमा गएका हरिपुरका मात्रै ४७ जना कामदार छन् । उक्त कम्पनीले सोमबार हरिपुरबाट थप ७० जना छनोट गरेको छ । उनीहरु सबै स्वच्छ एवम् मर्यादित भर्ना प्रक्रियाबाट शून्य लागतमा मलेसिया जान लागेका हुन् ।एलायन्स ह्युमन रिसोर्स प्रा.लि.का सञ्चालक रहेका नेपाल वैदेशिक रोजगार व्यवसायी संघका निवर्तमान महासचिव सुजित श्रेष्ठले मलेसियाली रोजगारदाताले कामदारका परिवारको अवस्था बुझ्न र कम्पनीको सामाजिक उत्तरदायित्व (सीआरएस) अन्तर्गत सहयोग पुऱ्याउने इच्छा व्यक्त गरेपछि आफूले भेटघाटको प्रबन्ध मिलाएको बताए । रोजगारदाता र कामदारका पारिवारिक सदस्यको भेटघाटले कामदार र रोजगारदाता दुवैलाई फाइदा पुग्ने श्रेष्ठको भनाइ छ। कामदारका परिवारका सदस्यहरूसँगको भेटघाटपछि रोजगारदाता हावर्टले सबै पक्षसँगको छलफलपछि आफ्नो कम्पनीमा कार्यरत कामदारका बालबालिका र परिवारलाई प्रत्यक्ष लाभ पुग्ने कार्यक्रम ल्याउने उल्लेख गरे । उनको कम्पनीमा विगत २१ वर्षदेखि नेपालीले काम गरिरहेका छन् । कम्पनीमा भियतनाम, बंगलादेश र म्यानमारबाट पनि कामदार गएको, तर नेपालीको मेहनत र लगनशीलताबाट आफू प्रभावित भइ उनीहरूको घर र परिवारलाई भेट्न आएको उनले बताए ।

त्यसअघि आयोजित कार्यक्रममा हरिपुर नगरपालिकाका प्रमुख गोपाल पन्जियारले पूर्णतया शून्य लागतमा कामदार लैजाने मलेसियाली कम्पनीको कार्यले आफ्नो नगरपालिकाका युवाहरूलाई आर्थिकरुपमा धेरै सहज भएको भन्दै शिक्षा तथा स्वास्थ्यका क्षेत्रमा सहयोग गरिदिन आग्रह गरे । उनले यसअघि कम्पनीमा काम गरेका नेपाली कामदारको लगनशीलता, इमानदारिताका कारण रोजगारदाता कम्पनीका सञ्चालक कामदारको घरदैलोमा आउने वातावरण बनेको भन्दै छनोट भएर जाने नयाँ युवाहरूले पनि लगनशीलता, इमानदारिता देखाउन जरुरी रहेको बताए ।

स्थानीय समाजसेवी उदय नारायण चौधरीले मलेसियामा कार्यरत नेपाली कामदारको पे रोल र अन्य सुविधा गोप्य राखिने गुनासो आइरहेको अवस्थामा रोजगारदा नै कामदारको घरदैलोमा पुगेर उनीहरूले पाउने सेवा सुविधा र शून्य लागतका विषयमा जानकारी गराउने कार्यले विपन्न अवस्थामा रहेका कामदारलाई फाइदा पुगेको बताए ।

म्यानपावर कम्पनीका सञ्चालक श्रेष्ठले मलेसियाली कम्पनीले शून्य लागतमा कामदार लैजाने भएकोले रोजगारीमा छनोट हुनका लागि आवेदन गरेकाहरूलाई कुनैपनि शीर्षकमा रकम नलिइने भएकाले छनोटका लागि कुनै दबाब नदिन र कसैको प्रलोभनमा नपर्न आग्रह गरे । कार्यक्रममा नगरपालिकाकी उपप्रमुख नीलमदेवी राय यादव, वडाध्यक्ष गजेन्द्र चौधरी, वडा अध्यक्ष प्रेमहरि श्रेष्ठ, वडा सदस्य नगेन्द्र महतो, वरिष्ठ प्रहरी नायव निरीक्षक अर्जुनकुमार साहलगायतको उपस्थिति रहेको थियो ।

## कोरियन...

व्यवस्था मिलाएको भन्दै कँडेलले अन्य सिफ्ट त्यसपछि तय गरिने बताइन् ।

परीक्षार्थीहरु परीक्षाको एक दिनअघि सिफ्टअनुसार ईपीएस शाखा, कार्यालय ग्वार्कोमा बायोमेट्रिक रजिस्ट्रेशन फिङ्गर प्रिन्ट दर्ताका लागि उपस्थित हुनुपर्ने व्यवस्था शाखाले गरेको छ । परीक्षा शुरु हुनुअघि एक घण्टा अगाडि परीक्षा हलमा ओरियन्टेसन शुरु हुने र निर्धारित समयमा उपस्थित नभए परीक्षामा सहभागी नगराइने व्यवस्था मिलाइएको पनि निर्देशक कँडेलले जानकारी दिइन् ।

परीक्षामा मोबाइल फोन, स्मार्ट वाचलगायतका कुनै पनि विद्युतीय सञ्चारका साधनहरु लैजान निषेध गरिएको छ। परीक्षामा चिट चोर्ने, नक्कल गरेकोलगायतका अवाञ्छित गतिविधि गरेको भेटिएमा परीक्षा रद्द गर्नुकासाथै चार वर्षसम्मका लागि परीक्षामा समावेश हुन निषेध गरिने कार्यालयले जनाएको छ । सन् २०२३ का लागि कोरियाको उत्पादनमूलक क्षेत्रतर्फ एक लाख ६३ हजार ६३५ जनाले आवेदन दिएका छन् ।

## आन्दोलनको...

उपाय, पाँचौंमा जनपरिचालन र जनदबाबका एजेण्डा रहेका छन् ।

सचिवालयको निर्णय र सुझाव अनुसार केन्द्रीय कमिटी बैठकमा पेस हुनेछ । जसका आधार निर्णय हुनेछ ।

नेताहरुका अनुसार जनदबाव तथा जनपरिचालन र पार्टीभित्रको शुद्धीकरण र सुदृढिकरणसम्बन्धी एजेण्डालाई महत्वपूर्ण मानिएको छ । यी दुई एजेण्डामा व्यापक छलफल गरेर आगामी कार्यक्रम तय गरिने बताइन्छ ।

वर्तमान गठबन्धन सरकारको कामको समीक्षा, मुलुकको अर्थतन्त्र, सरकारका असफलता, सुशासन कायम गर्न नसकेको लगायतका विषयमा बैठकलगत्तै पार्टी परिचालन गर्ने तयारी एमालेको छ । सदन हुँदै सडकमा जनपरिचालन गरेर सरकारमाथि दबाब बढाउने एमाले रणनीति छ ।

यसअघि, एमालेले गत मंसिरमा मध्यपहाडी संकल्प यात्रा गरेको थियो। उक्त यात्राको समेत समीक्षा गर्ने एमालेको तयारी छ । उक्त यात्रापछि एमालेले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई भेटेर प्रतिवेदन बुझाएको थियो । उक्त प्रतिवेदनमा उठाएका विषयहरु कार्यान्वयन गर्न पनि एमालेले दबाब दिइरहेको छ ।

आइतबार मात्रै संसदमा एमालेकै सांसद कृष्ण गोपाल श्रेष्ठले आफ्नो पार्टीले पुष्पलाल मध्य पहाडी लोकमार्ग हुदै झुलाघाट चिवाभञ्ज्याङ समृद्धिका लागि संकल्प यात्रा गरेको र त्यसक्रममा ग्रामीण क्षेत्रबाट जनताको बसाइँसराइ तिब्र रहेको पाइएको अवगत गराए ।

'युवा विद्यार्थी र दक्ष जनशक्ति सरकारी सेवा समेत छाडेर विदेश पलायन हुने क्रम दिनप्रतिदिन बढ्दो छ। यत्रो विधि बसाइँसराइ र दक्ष जनशक्ति पलायन भएको देख्दा पनि यसलाई रोक्ने सरकारको कुनै ठोस योजना किन देखिएन ?' उनको प्रश्न थियो, 'उल्टै श्रम सम्झौता, पढ्दै कमाउदै जस्ता नारा दिदै विदेश पठाउने गलत निति लिएको छ । के यसरी पलायन रोकिन्छ त ?' जवाफमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले एमालेले झुलाघाट चिवाभञ्ज्याङ यात्रापछि तयार पारी आफूलाई बुझाएको प्रतिवेदनमा उल्लेख गरिएका उल्लेख्य सुझावहरु आगामी वर्षको नीति, कार्यक्रम तथा बजेटमा क्रमश समावेश गरिने प्रतिवद्धता जनाएका थिए । अर्थात, आन्दोलन वा अन्य प्रकारका कार्यक्रम गरेर गठबन्धन भत्काउने एमालेको मुख्य नीति छ। नसके सरकारमाथि दबाब बढाउने र प्रमुख प्रतिपक्षीको हैसियतमा राज्य सत्तामा सहभागिता खोज्ने एमालेको रणनीति छ।

# 'नेपालमा नयाँ दलमार्फत अमेरिकाले हस्तक्षेप गर्न खोजिरहेको छ'

**सुर्य प्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, ७ फागुन

नेकपा मसालका महामन्त्री मोहन विक्रम सिंहले अमेरिकालगायतका शक्ति राष्ट्रहरुले राजनीतिक पार्टी नै खोलेर नेपालमा हस्तक्षेप गर्न खोजिरहेको आरोप लगाएका छन्। सोमबार सन्धिखर्कमा आयोजित पत्रकार भेटघाट कार्यक्रममा बोल्दै महामन्त्री सिंहले विगतमा यहाँका दलका नेताहरुलाई आफ्नो अनुकूल प्रयोग गर्दै आएकोमा अहिले पार्टी नै स्थापना गरेर नेपालमा हस्तक्षेप गर्न खोजेको बताएका हुन् ।

महामन्त्री सिंहले पूर्वराजा ज्ञानेन्द्र शाहले अहिले धेरै चलखेल गरेको बताउँदै मुलकमा नयाँ पार्टी स्थापना गरेर विदेशीले आफू अनुकूल प्रयोग गर्न खोजिरहेको दाबी गरे। उनले अमेरिकाले आफ्नो स्रोत साधनको प्रयोग गरेर आफ्नो अनुकूल काम गर्नका लागि राजनीतिक दलमा लगानी गरेको जिकिर गरे।

जनमतले सधैं सही फैसला नगर्ने र अहिले नयाँ पार्टीले पाएको जनमत पनि त्यसैको



परिणाम भएको उनले बताए। 'सधैं जनमतले सही निर्णय गर्दैन, अहिले नयाँ पार्टी रास्वपाले पाएको मत भनेको अमेरिकाले आफ्नो स्वार्थ अनुकूल प्रयोग गर्नका लागि निर्माण गरिदिएको हो,' उनले भने, 'अराजकता मच्चाएर आफ्नो अनुकूल निर्णय गराउन अमेरिका दल नै खोलेर अगाडि बढेको छ।'

उनले चीनलाई साइजमा राख्नका लागि अमेरिकाले नेपालको भूमि प्रयोग गर्न खोजेको समेत दाबी गरे। 'अहिले अमेरिकाको मुख्य प्रतिस्पर्धा चीनसँग छ, त्यसले गर्दा पनि उसले चीनलाई साइजमा राख्न नेपालको भूमि प्रयोग गर्न खोजिरहेको छ,' उनले भने, 'यहाँको अस्थिरतामा खेलेर नयाँ दलमार्फत त्यो स्वार्थ पूरा गर्ने तयारीमा रहेको देखिन्छ।'

उनले अहिले देश सामान्य अवस्थामा नरहेको उल्लेख गरे। 'देश अहिले गम्भीर संकटमा छ, गणतन्त्र धर्मनिरपेक्षतालगायतका उपलब्धिहरु जोखिममा परेका छन्,' उनले भने, 'प्रतिगमनकारीहरु अराजकता फैल्याएर प्राप्त उपलब्धिहरुलाई समाप्त पार्ने दाउमा छन्, त्यो सफल हुने सम्भावना छैन, तर दलहरु सचेत हुनुपर्छ।'

उनले आफूलाई कम्युनिष्ट बताउने दल नै प्रतिगमनकारी कित्तामा गएको आरोप लगाए। 'एमालेको साँठगाँठ अहिले प्रतिगामीहरुसँग छ,' उनले भने, 'हिन्दु धर्मको आडमा राजा ल्याउन चाहानेहरुलाई अहिले भारत सरकार, आदित्य योगीहरुको साथ रहेको छ। उता इसाइकरण गर्दै अमेरिकाले आफ्नो हस्तक्षेप बढाइरहेको छ।'

नेपालको राष्ट्रियतामा गम्भीर खतरा उत्पन्न भएको उनको भनाइ छ। महामन्त्री सिंहले नेपालमा विभिन्न घटनामा दोषी भष्टचारीलाई कारबाही गर्न सरकारले खुट्टा कमाउन नहुने बताए। महामन्त्री सिंहले फेरि प्रतिगामीहरुले विभिन्न देशको आडमा टाउको उठाउने अवसर खोजिरहेको बताउँदै राजावादीहरुले अहिले विभिन्न बाहनामा आन्दोलनको नाममा अराजक्ता निम्ताउन खोजेको, तर त्यो सफल हुन नसक्ने बताए। उनले वर्तमान अवस्थामा गठबन्धन भत्किने कुनै सम्भावनासमेत नभएको बताउँदै गठबन्धनले नै पाँच वर्ष सरकार चलाउने बताए।

## मोना कतारले गऱ्यो सचिव खत्रीको बिदाइ



**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, ७ फागुन

म्याग्दी प्रवासी नेपाली संघ (मोना) कतारले २०२३/२५ कार्यसमितिका सचिव कमल खत्रीलाई बिदाइ गरेको छ। कतारको बसाइ बिट मारेर स्वदेश फर्किन लागेका खत्रीलाई आइतबार साँझ एक कार्यक्रमका बीच दोसल्ला ओढाएर मायाको चिनो र कदर पत्रसहित सम्मान गर्दै बिदाइ गरिएको हो।

वैदेशिक रोजगारीको क्रममा दुई पटक गरेर करिब ७ वर्ष कतारमा बिताएका खत्री केही वर्षदेखि मोना कतारमा आवद्ध रहेर सामाजिक कार्यमा सक्रिय रहेका थिए। खत्रीले मोना कतारसँग प्रत्यक्ष जोडिएर थप सामाजिक कार्यहरू गर्ने मन हुँदा हुँदै बसाइलाई टुंग्याउनु परेको बताए। संघका का.वा. अध्यक्ष बाबुराम भण्डारीको अध्यक्षता, संस्थापक अध्यक्ष प्रेम रसाइलीको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा बोल्दै प्रमुख अतिथि रसाइलीले जहाँ रहे पनि सामाजिक संस्थामा जोडिएर जिल्लामा सामाजिक हितमा काम गर्न आग्रह गरे।

संघका संरक्षक रमेश पौडेल, प्रमुख सल्लाहकार नरेन्द्र फगामी, सल्लाहकार लीला बहादुर चोखालगायतका अन्य पदाधिकारीहरूले सुखमय जीवनको कामना गर्दै शुभकामना दिएका थिए। महासचिव कृष्ण शर्माले सहजीकरण गरेको कार्यक्रमको समापन गर्दै सभापति भण्डारीले जुझारु सचिव संस्थाले पाए पनि छिट्टै बिदाइ गर्नु पर्दा खल्लो लागेको बताए।


## भुल सुधार

मिति २०८०/११/०७ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित यस प्रा.लि.को **CYPRUS मा रोजगार शिर्षक, कम्पनी : Ansot Employment Services Limited**, पूर्व स्वीकृत मिति २०८०/११/०४, **LT. 300122** र ६०२१५१२९ को विज्ञापन र **कम्पनि : Ansot Employment Services Limited,** पूर्व स्वीकृत मिति २०८०/११/०४, **LT.300123,** चलानी नं. ६०२१५१३० को विज्ञापनमा **सेवा शुल्क रु. ३५,००० कामदारले व्यहोर्ने** हुनुपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ।

**मिराकल म्यानपावर प्रा. लि.**
श्रम इजाजत नं. १२२३/०७८/०७९
पो.ब.नं.: ५७२, सामाखुशी-२६, काठमाडौं, फोन: ४९५१००३
Mob. : 9802022331
Email: manpowermiracle@gmail.com, Web.: manpowermiracle.com



## Invitation for Bids

**Bideha Municipality**
**Office of Municipal Executive**
Tinkauriya, Dhanusha

**Invitation for Bids: - Mushar Basti Nirman**
**Contract ID: - BDM/BLDG/NCB/WORKS-01-080/81**

**Date of publication:-20th Feb , 2024 (B.S.2080/11/08)**

1. The ***Bideha Municipality*** *has allocated funds* towards the cost of ***Mushar Basti Nirman*** and intends to apply part of the funds to cover eligible payments under the Contract **ID : - BDM/ BLDG/NCB/WORKS-01-080/81.** Bidding is open to all eligible as per Section V of bidding document..

   The ***Bideha Municipality, Office*** of the Municipal Executive ***Tinkauriya , Dhanusha*** invites **online bids only under e-procurement system** from eligible bidders for the ***Mushar Basti Nirman*** under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures.

   Only eligible bidders with the following key qualifications should participate in this bidding:

   - *Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: NRs 61.00Million (without VAT).*
   - *Minimum Work experience of similar size and nature: Construction of at least* (2) Project of Government Building *Contract within the last ten (10) years, with a value of at least NRs 50 million (without VAT) that have been successfully completed*

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Bideha Municipality, Office of Municipal Executive Tinkauriya,Dhanusha or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
3. Bidding document is available online and can be downloaded from e-GP system http://www.bolpatra.gov.np/egp. Interested bidders should register in the e-GP system and deposit the cost of bidding document ***NRs 5000.00*** in the following specified bank.

   Information to deposit the cost of bidding document in Bank:

   Name of the Bank: NIC Asia Bank limited, Tinkauriya,Branch,Dhanusha.

   Name of Office:-***Bideha Municipality,Office of the Municipal Executive, Tinkauriya,Dhanusha .***

   Account Name:- ***Bideha Municipality,Office of the Municipal Executive, Tinkauriya,Dhanusha***

   Account no.: D5CA052419752406, Office code:-801021708

   Pre-bid meeting shall be held at Bideha Municipality,Office of the Municipal ExecutiveTinkauriya,Dhanusha . at 10th Mar, 2024 (B.S.2080/11/27) at 13.30 hrs.

4. Interested bidders should submit online bids through e-procurement portal http://www.bolpatra.gov.np/egp only on or before 12:00 hrs on 21th, Mar,2024(B.S. 2080/12/08). Bidders are required to follow the electronic bid submission procedure as specified in e-GP System Operating Guideline 2074 issued by PPMO which are available in e-GP system.
5. Online bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13:15hrs on 21th, Mar, 2024(B.S. 2080/12/08) at the office specified above. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of NRs 22, 70,000.00 which shall be valid for minimum 30 days beyond the bid validity period i.e. 18th. Jun, 2024 (B.S.2081/03/04). The scanned copy of bid security in pdf format should be uploaded in the e-GP system during bid submission.
6. If the office happens to be closed on the date of opening of the bids as specified, the bids will be opened on the next working day at the same time and venue.
7. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whats ever.
8. Other mandatory information's are as pe r PPA and PPR.

**Chief Administrative Officer**



## बहराइनमा वैदेशिक रोजगारको अवसर

कम्पनी: AL HABARI TRADING CENTER WLL — शहर: Baharain
पूर्व स्वीकृत मिति: २०८०/११/०६ — चलानी नं.: ६०२१५१८१ — LT. No.: 300294

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Accountant | 2 | 0 | सम्बन्धित काममा दक्ष | 150 | ५२,७३१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Helper/cleaner | 15 | 0 | | 100 | ३५,१५४ | | | | | | | |
| 3. | Hevy Driver | 5 | 0 | | 150 | ५२,७३१ | | | | | | | |
| 4. | Light Driver | 4 | 0 | | 120 | ४२,१८५ | | | | | | | |
| 5. | Supervisior | 4 | 0 | | 150 | ५२,७३१ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० फागुन १५ गते (27 February 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**स्काई-वे म्यानेजमेन्ट प्रा. लि.**
श्रम इजाजत नं. ९००/०६७/०६८
गौशला, काठमाडौं, नेपाल, फोन: ४५६०१६०, ४५७१४७१
Email: skywaygaushala@gmail.com, Web: www.skywaynepal.com



## मलेसियामा रोजगार

कम्पनी: LIFONG FURNITURE SDN.BHD. — शहर: Malaysia, Melaka
पूर्व स्वीकृत मिति: २०८०/१०/१४ — चलानी नं.: ६०२१३८९३ — LT. No.: 298965 — पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 25 | 0 | स. काममा दक्ष | 1500 | ४१,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा मिति २०८० फागुन १५ गते (27 February 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**अल मून ओभरसिज प्रा. लि.**
श्रम इजाजत नं. ११२/०६८/०६९
AMO
बसुन्धरा-०९, धापासी, काठमाडौं, नेपाल, फोन: ०१-४९८९७१८,०१-४९८९७१९



## साउदीमा रोजगार

कम्पनी: AL-JAZEERA TENTS CONTRACTING EST. ABDULLAH AL-ZAHRANI — शहर: Saudi Arabia, Dammam
पुर्व स्वीकृत मिति: २०८०/११/०६ — चलानी नं.: ६०२१५१९० — LT. No.: 300242

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Mason | 2 | 0 | स. काममा दक्ष | 1200 | ४२,४०८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० फागुन १४ गते (26 February 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**United World Manpower Pvt. Ltd.**
श्रम इजाजत नं. १२२०/०७४/७५
Sinamangal-9, Kathmandu, Tel: 01-4116602, Fax: 4116602
Email: info@uwmanpower.com, uwmanpower@gmail.com, Web.: www.uwmanpower.com

यस मेनपावर कार्यालयको माथि उल्लेखित विज्ञापन मिति २०८०/११/०७ गते यस दैनिकमा प्रकाशित हुनुपर्नेमा भुलवस प्रकाशित गर्न छुटेकोले यसै सूचनालाई आधार मानी प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ ।



## साउदीमा रोजगार

कम्पनी: NAS MANPOWER COMPANY — शहर: SAUDI
पूर्व स्वीकृत मिति: २०७९/०८/२० — चलानी नं.: ६०१९२८०५ — LT. No.:277256 — पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 1 | 0 | स. काममा दक्ष | 1000 | ३५,३४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० फागुन १५ गते (27 February 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**NASSER INTERNATIONAL PLACEMENT SERVICES PVT. LTD.**
साबिक (Continental Manpower (Nepal) Pvt. Ltd.)
Gov. Lic No. 190/057/058
Sinamangal-09 Shambu Marga Kathmandu.Tel:+977-4578566, 4578866
Email: continentalnepal190@gmail.com web: www.continentalmanpower.com.np



## मलेसियामा रोजगारको अवसर

कम्पनी: AA COMMERCIAL SECURITY SDN BHD — शहर: Malaysia, Jln Tuanku
पूर्व स्वीकृत मिति: २०८०/११/०६ — चलानी नं.: ६०२१५१८६ — LT. No. 300291

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 81 | 0 | स. काममा दक्ष | 1500 | ४१,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० फागुन १५ गते (27 February 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि: शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**Frontline Recruitment Pvt. Ltd.**
श्रम इजाजत पत्र नं.: ८८६/०६७/०६८
Sinamangal -9, Kathmandu, Nepal, P.o.box:13708, Tel No:01-014593645/ 4593646/ 4593647
MOBILE:9851100134,9818819581,9804705263.
Fax:+977-01-4493647, Email:info@manpoweragencynepal.com



## यूएईमा रोजगार

कम्पनी: ALKHAT NAZEEF BUILDING CLEANING SERVICES — शहर: UAE
पूर्व स्वीकृत मिति: २०८०/०६/०१ — चलानी नं.:६०२०७८४२ — LT. No.: 292618 — पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners | 27 | 12 | सम्बन्धित काममा दक्ष | 800 | २८,८६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Labor Supervisor | 2 | 0 | | 1200 | ४३,२९६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० फागुन १५ गते (27 February 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Maven Recruitment Services Pvt. Ltd.**
साविकको: Baby Star International Pvt. Ltd.
Gov. Lic No. 1081/073/074
Sinamangal-9 (Tara Hall Chowk), Kathmandu, Tel: 4492613, 4494173, Fax: 4494173
9851041565, Email: babystar149@gmail.com, Web.: www.babystar.com.np



GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd.
Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka
Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.osc@gmail.com
थप जानकारीको लागि
QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!

TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara,
Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoon@mos.co.np
www.harvestmoongroup.com

मध्यान्ह
www.madhyanhadaily.com
८ फागुन २०८०, मंगलबार
20 February 2024, Tuesday

सम्पादकीय

## आर्थिक सूचकमा राजनीति नगर

नेपालको अर्थतन्त्र मन्दीबाट बिस्तारै तग्रिंदैछ । नेपाल राष्ट्र बैंकका पछिल्लो सूचकले अर्थतन्त्रमा समस्या छैन भन्ने नै देखिन्छ । विश्वव्यापी रूपमा नै आर्थिक मन्दीको असरले नेपाल नछुतो हुने कुरै भएन । आयातमा निर्भर अर्थतन्त्र भएको हुनाले समेत अन्तर्राष्ट्रिय क्षेत्रको असरबाट नेपालबाट बच्न सक्दैन । तर देशभित्र हामीले आर्थिक सूचकमा आफनो अनुकुल व्याख्या गर्ने प्रवृतिले अर्थतन्त्रको वास्तविकता के हो ? भनेर अन्योल बनाउने काम राजनीतिक दलका शीष नेताहरूबाट नै हुने गरेको छ । आफु सत्ताका हुदाँ सब ठिक अनि सत्ता बाहिर हुदाँ खत्तम भयो भन्ने भाष्य बनाउने गरेको देखिन्छ ।

नेपालको रेमिटान्स बढ्दै जानु, विदेशी विनिमय सञ्चितिदेखि पर्यटनको आगमन बढ्दै जाँदा अर्थतन्त्रका सूचकहरू बलिया देखिएको हो । कोभिड-१९ पछि मारमा परेको नेपाली अर्थतन्त्र विस्तारमा अवरोधले सबै क्षेत्रलाई असर गऱ्यो । कोभिडपछि अर्थतन्त्रलाई सुधारको लागि सरकार, राजनीतिक पार्टी, निजी क्षेत्र एक भएर अगाडि बढ्नुपर्ने हो, त्यसमा एक मत हुन सकिरहेका छैन । राजनीतिक नेतृत्वले अर्थतन्त्र माथि उठाउनु भन्दा आफनो स्वार्थ अनुसार बोल्ने, निजी क्षेत्रदेखि विज्ञसमेत पार्टीगत धारणा आउने कारणले समेत ग्रामिण अर्थतन्त्रमा असर गरिरहेको छ । अर्थतन्त्रका सूचकमा भन्दा पनि आफनो अनुकुल व्याख्याले नेपालको उद्योग व्यवसायदेखि आम मनोविज्ञानमै असर गरिहेको छ ।

अर्थतन्त्रले छलाङ मार्न आमउद्योगी व्यवसायी, लगानीकर्तादेखि सर्वसाधरणको मनोवल बढ्नु पर्ने हुन्छ । मनोवल बढाउने काम सरकार नगरेसम्म अर्थतन्त्र सधै त्रासमै रहने हुन्छ । पछिल्लो समय सरकारको गठबन्धनमा रहेका दलका नेताहरूबीचमै अर्थतन्त्र सूचकमै गरिएको टिप्पणीले अन्योलता छाएको छ । नेपालका बाह्य सूचकहरू राम्रो रहेको भएपनि आन्तरिक अर्थतन्त्रमा प्रभाव पार्ने आयात-निर्यात, राजस्वदेखि पुँजीगत खर्चको अवस्थालाई हेरेर टिप्पणी गरिदै आएको छ । विगतका वर्षमा समेत आन्तरिक अर्थतन्त्रमा सुचाक हेर्दा पुजीगत खर्चको अवस्था उस्तै नै देखिन्छ । ७ महिना पुग्दा समेत २२ प्रतिशतमै सीमित हुनुमा सम्पुर्ण प्रणालीमै समस्या रहेको देखिन्छ । त्यसैले अर्थतन्त्र बलियो बनाउनेतर्फ सबैको ध्यान नदिने हो भने रेमिटान्सले धानेको अर्थतन्त्र कुनै बेला संकटमा पर्न सक्ने देखिन्छ । बढ्दो बेरोजगारी र आयातमा निर्भर अर्थतन्त्रलाई गतिशील बनाउन अब राजनीतिक प्रतिबद्धताको खाँचो देखिन्छ ।

### तपाईंको राशिफल

मेष : प्रशस्त मात्रामा धन कमाई हुनेछ । खर्चमाथि नियन्त्रण राख्नुहोला ।

वृष : सामाजिक सहयोग बढ्नेछ । मनोबल उच्च रहनेछ ।

मिथुन : शैक्षिक कार्यमा सफलता मिल्छ । लेनदेनमा सावधानी राख्नुहोला ।

कर्कट : यात्रा सफल र सुखद रहनेछ । नाता-गोतासित भेटघाट हुनेछ ।

सिंह : कुनै पनि कार्यमा हतार नगर्नु होला । नयाँ काम बन्नेछ ।

कन्या : दैनिक कार्य सफल हुनेछ । सबै कार्यमा सावधानी राख्नुपर्छ ।

तुला : पारिवारिक जीवन सुखी रहनेछ । विरोधी कमजोर हुनेछ ।

वृश्चिक : महत्वपूर्ण भेटघाट सफल हुनेछ । स्वास्थ्य राम्रो रहनेछ ।

धनु : आर्थिक कार्यहरूमा अनुकूल प्रगति हुनेछ । आहारमा ध्यान दिनुपर्छ ।

मकर : धार्मिक कार्यमा रूचि बढ्नेछ । राजनैतिक समारोहमा सहभागी हुनुपर्नेछ ।

कुम्भ : भूमि लाभ हुनेछ । कार्यहरूमा सावधानी राख्नुपर्छ ।

मीन : शैक्षणिक कार्यमा प्रगतिको योग छ । शान्तिमा वृद्धि हुनेछ ।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# लोकतान्त्रिक व्यवस्थाको मर्म

*एक पटक लोकतन्त्रको भोग गरेको समाज पछि फर्कन सक्दैन अर्थात् यस्तो समाज अधिनायकवादतर्फ उन्मुख हुनै सक्दैन । लोकतन्त्रको विकल्प हामीले सोच्न पनि सक्दैनौं । नेपाली समाज कहिल्यै लोकतन्त्रका विरूद्धमा थिएन, छैन र रहने पनि छैन ।*

अग्रलेख



● सोमनाथ लामिछाने

लोकतन्त्रको न्यानो छहारी सबैका लागि प्यारो हुन्छ । यो आदर्श 'शब्द' मात्र होइन, स्वतन्त्रता र खुलापन चाहने जोकोही जनताको आकांक्ष्मको उच्चतम रूप पनि हो । हामी एकछिन लोकतन्त्रबिनाको समाज र राष्ट्रको परिकल्पना गरौं । लोकतन्त्र नहुँदाको अवस्थालाई हामी सबैले भन्न थाल्नेछौं, देश अधिनायकवादतर्फ उन्मूख भयो । बोल्न, लेख्न, संगठित हुन पाइन्न । पाइलैपिच्छे व्यक्तिको गोपनीयता हनन् हुन थाल्छ । लोकतन्त्रका आधार स्तम्भ निकम्मा हुन थाल्छन् र त्यसप्रति आमजनताको भरोशा रहन्न । अन्तर्राष्ट्रिय जगतले पनि यस्तो शासनप्रति बक्र दृष्टि लगाउन थाल्छ । देशको शासन प्रणालीमाथिको अविश्वासले केही सीमित व्यक्तिलाई हित गर्दो हो, तर धेरै जनता यसबाट प्रत्यक्ष र परोक्ष रूपमा प्रताडित हुन्छन् ।



एक पटक लोकतन्त्रको भोग गरेको समाज पछि फर्कन सक्दैन । अर्थात् यस्तो समाज अधिनायकवाद तर्फउन्मुख हुनै सक्दैन । लोकतन्त्रको विकल्प हामीले सोच्न पनि सक्दैनौं । नेपाली समाज कहिल्यै लोकतन्त्रका विरुद्धमा थिएन, छैन र रहने पनि छैन । २००७ सालदेखिको इतिहास केलाउने हो भने नेपाली जनताको पहिलो र एकमात्र आकांक्षा सुदृढ लोकतन्त्रकै छ । लोकतान्त्रिक चरित्र र गुणविनाका कुनै पनि शासन प्रणालीलाई नेपाली जनताले अस्वीकार गरेका छन् ।

आज लोकतन्त्रको हुर्मत लिने गरी केही व्यक्ति र समूहले छिटपुट प्रयास गरिरहेको देखिन्छ । लोकतान्त्रिक शासन व्यवस्थाले प्रदान गरेको अवसरलाई दुरूपयोग गरी उनीहरू यही प्रणालीमाथि धावा बोल्न थालेको आभास हुन लागेको छ । लोकतान्त्रिक शासन प्रणाली र संविधानले प्रदान गरेको स्वतन्त्रताको उपयोग गरेर उनीहरू यही व्यवस्था र प्रणालीका विरुद्ध उभिएको मात्र होइन, आर्थिक अराजकता निम्त्याउन र देशको औद्योगिक वातावरण धमिल्याउन उद्यत रहेको पनि देख्न सकिन्छ । विगतमा भएका क्रान्तिले कयौं व्यक्तिले सहादत प्राप्त गरेको र मुलुकको समृद्धिमा ठेस लागेको हामीले देखेभोगकै हो । अझै पनि मुलुकभित्र अस्थिरता र अराजकता फैलिनु भनेको मुलुकले थप क्षति व्यहोर्नु नै हो । विश्वका गरिब र पछौटेपनबाट ग्रस्त कैयौं देशले विकास र समृद्धिको फड्को मारिसकेका छन्, हामीभन्दा उनीहरू अघि बढिसकेका छन् । हामी अहिले विश्वले नै सही ठहर्याएको लोकतान्त्रिक शासन प्रणालीको छहारीमा छौं । यसलाई नै थप सुदृढ, बलियो र भरोसायोग्य बनाउनुको विकल्प छैन ।

मुलुक संघीयतासहितको गणतान्त्रिक शासन व्यवस्थामा प्रवेश गरिसकेको छ । धर्मनिरपेक्ष राज्यको मूल धर्म भइसकेको छ । देशको मूल कानुनका रूपमा रहेको संविधानको प्रस्तावनामै "जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता तथा स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका र कानुनी राज्यको अवधारणा लगायतका लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिबद्ध रही समृद्ध राष्ट्र निर्माण गर्ने" उल्लेख छ । लोकतन्त्रको अर्को सुन्दर पक्ष स्वतन्त्रता पनि हो । संविधानले प्रत्येक नेपाली नागरिकलाई

> *लोकतन्त्रका आधारभूत यी मूल्य मान्यतालाई तिरस्कृत गरेर शासन व्यवस्था चलिरहेको भए त्यसमा खबरदारी गर्न सकिन्छ । चुनाव प्रणालीमा सुधारका लागि दबाब दिन सकिन्छ । भ्रष्टाचार बढेको र सुशासनमा कमीकमजोरी भए सच्याउन तथा आवधिक चुनावमार्फत आफ्नो उपस्थिति बलियो बनाएर परम्परागत शक्तिमाथि दबाब सिर्जना पनि गर्न सकिन्छ ।*

"विचार र अभिव्यक्तिको स्वतन्त्रता, विना हातहतियार शान्तिपूर्वक भेला हुने स्वतन्त्रता, राजनीतिक दल खोल्ने स्वतन्त्रता, संघ र संस्था खोल्ने स्वतन्त्रता, नेपालको कुनै पनि भागमा आवतजावत र बसोबास गर्ने स्वतन्त्रता तथा कुनै पनि भागमा पेशा, रोजगार गर्ने र उद्योग, व्यापार तथा व्यवसायको स्थापना र सञ्चालन गर्ने स्वतन्त्रता" प्रदान गरेको छ । वैयक्तिक स्वतन्त्रताबाट बन्चित नगरिने तथा मृत्युदण्ड नदिने जस्ता अकाट्य स्वतन्त्रता नेपाली जनतालाई उपलब्ध छन् । यी स्वतन्त्रताहरूको हनन् भएको अवस्थामा कानुनी उपचार खोज्न पाउने हक पनि संविधानले हरेक नागरिकलाई उपलब्ध गराएको छ । संविधानले प्रदान गरेका समानता र स्वतन्त्रताको हकसहित जनअभिमतका लागि खडा गरिएका राजनीतिक तथा प्रशासनिक संरचनाले अविच्छिन्न काम गरिरहेका छन् । सबैलाई थाहै छ, लोकतन्त्र भनेको जनता आफैंले आफैंमाथि गर्ने शासन प्रणाली हो जो स्वतन्त्र निर्वाचनबाट चुनिएको हुन्छ । यही मान्यता र यसकै जगमा मुलुकमा तीनै तहको स्वतन्त्र ढंगबाट आवधिक चुनाव हुन थालिसकेका छन् । संघ, प्रदेश र स्थानीय सरकारहरूले आफ्ना काम गरिरहेका छन् ।

हो, लोकतन्त्रका आधारभूत यी मूल्य मान्यतालाई तिरस्कृत गरेर शासन व्यवस्था चलिरहेको भए त्यसमा खबरदारी गर्न सकिन्छ । चुनाव प्रणालीमा सुधारका लागि दबाब दिन सकिएला । भ्रष्टाचार बढेको र सुशासनमा कमीकमजोरी भए सच्याउन तथा आवधिक चुनावमार्फत् आफ्नो उपस्थिति बलियो बनाएर परम्परागत शक्तिमाथि दबाब सिर्जना पनि गर्न सकिन्छ । त्यो अवसर हरेक नेपालीलाई उपलब्ध छ । तथापि, नागरिकका जायज गुनासा, सुझाव र विचारलाई गम्भीरतापूर्वक सुनिनु जरुरी छ ।

देशका विभिन्न भागको भ्रमण गर्दा देख्न सकिन्छ, सडकहरू बन्दै छन्, विद्युत् र टेलिफोनको पहुँच बढेको, कृषि, उद्योग र जलविद्युत् निर्माणमा तिब्रता आएको छ । केन्द्रले प्रदान गर्ने कैयौं सेवा अहिले प्रदेश र स्थानीय तहले प्रवाह गर्न थालिसकेका छन् । तथापि, पर्याप्त उद्योग स्थापना र रोजगारी सिर्जनामा कमजोरी भएको अनुभव अन्तर्राष्ट्रिय विमानस्थलको प्रस्थानकक्षमा लागेको युवाको भिडले देखाउँदैछ, र यस किसिमको विदेश पलायन सबैका लागि चिन्ताको विषय बनेको छ । बेरोजगारीको समस्या हल गर्ने उपाय खोज्ने पनि यही लोकतान्त्रिक प्रणालीबाटै हो । संघीयता कार्यान्वयनमा देखिएका केही जटिलता र अनावश्यक एवम् फजूल खर्च कटौती गर्ने गरी दबाब सिर्जना गर्न यही व्यवस्थाभित्र रहेर आवाज उठाउन सकिन्छ । त्यो अवसर पनि लोकतान्त्रिक शासन व्यवस्थाले नै उपलब्ध गराइरहेको छ ।

संघीय राजधानीको माइतीघरमा अनेक किसिमबाट पीडित भएका मानिसहरूले दिनहुँजसो शान्तिपूर्ण धर्ना दिएर राज्यको ध्यानाकर्षण गराइरहेका छन् । गतवर्ष पनि मिटरब्याज पीडितहरूले यस्तै शान्तिपूर्ण आन्दोलन गरेका थिए । सरकारले राष्ट्रिय सहमति जुटाएर मिटरब्याजसम्बन्धी कानुन नै बनाएर पीडितलाई न्याय दिने र बदमासी गर्नेलाई दण्डित गर्ने प्रयास गरेको थियो । साथै, वर्षौंदेखि नागरिकता प्राप्तिको आशामा रहेका नागरिक र विदेशमा रहेका गैरआवासीय नेपालीलाई नागरिकता प्रदान गर्नेगरी ऐन संशोधन भएको छ ।

अझै पनि, संविधानका प्रावधानअनुसारका केही कानुन बनाउन भएको ढिलाइले प्रदेश सरकारको प्रभावकारितामा प्रश्न उठिरहेका छन् । प्रदेश संरचनाले राज्यको खर्च बढाएको र त्यो प्रभावकारी नभएको भन्दै आलोचना पनि भइरहेको छ । तर प्रदेशको प्रभावकारितामा प्रश्न उठाएर वर्तमान लोकतान्त्रिक शासन प्रणालीमाथि नै प्रश्न उठाइहाल्नु पर्ने अवस्था अहिल्यै भएको छैन । देशका परिवर्तनकारी प्रमुख राजनीतिक शक्तिहरूले बेलैमा यस्ता विषयलाई सम्बोधन गरी जनतामा विश्वासयोग्य वातावरण बनाउनु उपयुक्त हुन्छ ।

### सामाजिक सञ्जाल



- ओमकुमार थापा

चप्पल पड्काएर हिँड्ने नेताहरूलाई आलिशान महलसम्म पुऱ्याउने दिवस बन्यो नेपालको प्रजातन्त्र । नेपालीको जीवनस्तर खस्किँदै जानुमा थुतुनो बजाउने मात्रै प्रजातन्त्र, असक्षम राजनीतिक नेतृत्व र कामचोर नोकरशाहीतन्त्र नै प्रमुख कारक हो । प्रजातन्त्रका लागि लड्ने वीर सहिदहरूको घोर अपमान भएको छ ।



- उत्तमबाबु श्रेष्ठ

त्रिविविको भिसी छान्न हाल अपनाइएको प्रक्रियाले विविका खास सरोकारवालाहरू प्राध्यापक, कर्मचारी, विद्यार्थी पूरैलाई पन्छाएर एउटा मन्त्रालयको बन्द कोठाभित्रको खाल हुँदै प्रधानमन्त्रीको हातमा तीन पत्ति कसरी पुऱ्याउँदो रहेछ भन्ने कुरा सर्वसाधारणले बुझ्नेगरी देखायो ।



- सूर्यराज आचार्य

भिसी छान्ने मौजुदा प्रक्रियाबाट त्रिविको प्राज्ञिक गुणस्तरमा उल्लेख सुधार गर्न सक्ने भिसी छानिने भन्ने कुरा काठमाडौं क्षेत्रको बागमतीमा उपलब्ध सबैभन्दा शुद्ध र सङ्लो पानी भने जस्तै हो । राजनीति तहमा परिवर्तनको थोरै छनक देखिएको हो । तर, कार्यान्वयनमा फासफुस भयो ।



- विश्वरसिंह मेवाहाङ

दिल्लीका मठाधिशहरुले नेपालमा प्रजातन्त्र आयो भनिदिएको भरमा २००७ सालमा मुलुकमा प्रजातन्त्र आयो । तिनै मठाधिशहरुले ०४६ सालमा बहुदल आयो भनिदिए, ०६३ सालमा गणतन्त्र आयो भनिदिए । दिल्ली प्रेरित शासन व्यवस्थाले मुलुकको भन्दा पनि दिल्लीकै हित गरेको छ ।

# मुलुकको अवस्था र राजनीतिक नेतृत्व

विचार



● नरेन्द्रमान श्रेष्ठ

> *देश र जनताका लागि काम गर्ने समर्पित हुन 'मिसन-८४' चाहिँदैन । 'मिसन-८४' भनेको त अझ चार वर्ष बाँकी नै छ, यो 'मिसन-८४' भनेको मरेपछि उपचार भने जस्तो भएन र ? यसलाई भन्छ- काम कुरो एकातिर कुम्लो बोकी ठिमितिर ।*

दुई दशकभन्दा बढी समयदेखि काठमाडौंका जनताले प्रतिक्षा गरिरहेको मेलम्चीको पानी किस्ताबन्दीमा पिउन पाउने भएको छ भन्दा पनि फरक नपर्ला । पहिला मेलम्चीको पानी काठमाडौंमा झारियो, काठमाडौंबासीको धारा धारामा पठाइयो भनेर भृकुटीमण्डपमा पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले बढो तामझामका साथ उद्घाटन गरेको त काठमाडौंबासीहरूको लागि हात्ती आयो हात्ती फुस्सा बन्यो । मेलम्चीको खानेपानी परियोजना सम्बन्धित सरोकारवालाहरूको लागि मागि खाने भाँडो मात्र बन्यो । सरकारले आमनागरिकहरूको लागि दैनिक निर्वाह गर्नको लागि अति आवश्यकीय पानीसम्म पनि नियमित दिन सरिरहेका छैन । देशमा न पिउनको लागि पानी नै छ न अनुशासन नै छ, न सुशासन नै छ, न रोजगार छ ।

आज देशमा बस्ने वातावरण नै रहेन भनेर देशका युवाहरू धमाधम विदेशिएका छन् । मंसिर महिनामा मात्र ७१ हजारभन्दा बढी युवाहरू विदेशीएको तथ्यांक छ । विदेशमा रहेका नेपालीहरूलाई फर्काउछु भनेर भन्ने रास्वपाका अमेरिका रिर्टन रवि लामिछाने के गरिहेका छन् खोइ ? यस्ता हावा कुरा गर्ने नेताहरूको पछि लाग्ने जनता कस्ता ?

अधिकांश विदेशिने यवाहरूमा कतिपय रोजगारको लागि त कतिपय अध्ययनको लागि विदेशिएका छन् । अनि कतिपय भने सुख सयलको लागि पनि विदेशिएका छन् । नेपालमा रोजगार छैन रे ! नेपालमा अवसर छैन रे ! नेपालमा राम्रो स्तरीय कलेजहरू छैन रे ! नेपालमा अवसर, अनुशासन, सुशासन छैन भनेर पनि भन्ने गरेका छन् । नेपालमा घुसखोरी, कमिसनखोरी, भ्रष्टाचार, अनिमियता, नातावाद, कृपावाद, अवसरवाद, फरियावाद, झोलेवाद मात्र छन् भनेर पनि भन्ने गरेका छन् । नेपालको राजनीति कुनीति हुँदै गइरहेका छन् भनेर पनि कतिपय सरोकारवालाहरूले भन्ने गरेका छन् ।

त्यसो त देशमा धेरै राजनीतिक दलहरू छन् तर, ति दलहरूका नेताहरूमा न नैतिकता छ न इमान्दारिता नै । नेपालमा पूराना-पूराना राजनीतिक दलहरूका नेताहरू मात्र होइन, नयाँ-नयाँ राजनीतिक दलका नेताहरू सांसदहरू पनि गफाडी भएका छन् । नेपालको राजनीतिमा सुशासन छैन, न नेपालको सिष्टम नै राम्रो छ गतिलो छ । सायद, यस कारणले पनि होला नेपालका यवाहरू धमाधम विदेशिएका ।

त्यसो त कतिपय भद्रभलाद्मीहरू पनि विदेश पलायन भइसकेका छन् । पछिल्लो जनगणनाअनुसार नेपालको जनसंख्या दुई करोड ९३ लाख जति रहेको छ भने लगभग ८० लाख जति त विदेशमा रहेको बताउँछन् । तीन करोड जनसंख्यामा ८० लाख विदेशमा हुनु यो गम्भीर विषय हो र तर पनि नेपाल सरकार सांसद र राजनीतिक दलहरू आफ्नै धुनमा बाँसुरी बजाइरहेका छन् ।

सरकार र सरकारमा रहेकाहरू देश र जनताका लागि भन्दा पनि आफ्नो सत्ता कसरी बचाउने ? कसरी सत्तामा टाँसी रहने भन्नेमा नै आफ्ना खुरापाती दिमाग चलाइरहेका छन् भने विपक्षमा रहेका दलहरू भने कसरी सरकारलाई ढाल्ने र आफूहरू सरकारमा जानेमा नै आ-आफ्नो दिमाग खियाइरहेका छन् भन्दा पनि फरक नपर्ला । त्यसैगरी केही नयाँ दलहरू भने 'मिसन-८४' भन्दै कुर्लिरहेका छन् त केही सांसदहरू भने अवस्था र व्यवस्था परिवर्तन गर्ने र राजसंस्था पुनर्स्थापना गर्ने र देशलाई हिन्द राष्ट्र घोषणा गर्ने भनेर भाषणबाजी गरिरहेका छन् । यसलाई भन्छ- काम कुरो एकातिर कुम्लो बोकी ठिमितिर ।

देश रजनताको लागि काम गर्ने समर्पित हुन 'मिसन-८४' चाहिँदैन । 'मिसन-८४' भनेको त अझ चार वर्ष बाँकी नै छ, यो 'मिसन-८४' भनेको मरेपछि उपचार भने जस्तो भएन र ? वर्तमान देश र जनताको लागि काम गरे पो 'मिसन-८४' सफल हुन्छ, जहाँ गए पनि 'मिसन-८४' भनेर कराउने अनि जनताहरूको समस्याहरूलाई थाँति राख्ने अनि के ८४ ?

देश समस्यै समस्याले घेरिएको छ, देशमा भ्रष्टाचार र कमिसनले जरा गाडीसकेको छ, महँगीले आकाश छोइसकेको छ । राजधानी जस्तो ठाउँमा नागरिकहरूले पानीको समस्या भोग्न परिरहेका छन् । घर-घरमा धारा छन्, तर धाराबाट पानी आउँदैन । यद्यपि, नेताहरू 'मिसन-८४' भनेर कराइ रहेका छन् । केहि सांसदहरू राजसंस्था फर्काउने भनेर अवस्था र व्यवस्थालाई गाली गरिरहेका छन् । यहाँ जनताप्रति कसैको चाँसो छैन ।

# जुम्लाको आयुर्वेद सेवा प्रभावकारी बनाउन चन्दननाथले २० लाख दिने

**दिलमाया शाही/मध्यान्ह**
जुम्ला, ७ फागुन



चन्दननाथ नगरपालिका-१० बोहोरा गाउँस्थित आयुर्वेद स्वास्थ्य केन्द्र रहेको छ । त्यहाँ दैनिक सयौं जनाले निःशुल्क उपचार लिइरहेका छन् । पछिल्लो समयमा आयुर्वेद स्वास्थ्य केन्द्रले जुम्लामा ज्येष्ठ नागरिकलाई स्वास्थ्य सेवा दिन आयुर्वेदिक औषधिको फार्मेसीसमेत स्थापना गरेको थियो ।

जुम्लाको आयुर्वेद अस्पताल सदरमुकामभन्दा टाढा रहेकाले उनीहरूलाई ज्येष्ठ नागरिक संघको हलमै निःशुल्क सेवा दिन फार्मेसी स्थापना गरिएको स्वास्थ्य केन्द्रका प्रमुख नन्द प्रसाद न्यौपानेले बताए । उनका अनुसार यस पटक चन्ददननाथ नगरपालिकाले आयुर्वेद स्वास्थ्य केन्द्र औषधि उपकरण, थेरापी फर्निचर व्यवस्थापनका लागि २० लाख रुपैयाँ बजेट दिने निर्णय गरेको छ ।

उनले चन्दननाथका दश वडाले नै आयुर्वेद सेवा प्रभावकारी बनाउनका लागि सहयोग गरेको भन्दै नगरका सबै पदाधिकारीप्रति आभार व्यक्त गरेका छन् ।उनले आयुर्वेद स्वास्थ्य केन्द्र जुम्लाले गरेको सेवालाई महत्वपूर्ण रुपमा बुझेको बताए । यसले गर्दा आयुर्वेद स्वास्थ्य केन्द्रले यस्ता खालका सेवालाई निरन्तरता दिने बताए । ज्येष्ठ नागरिकलाई बढी हाडजोर्नीको समस्या हुने गरेकाले यस्तो सेवा दिइएको हो । आयुर्वेद स्वास्थ्य केन्द्रले अभ्यङ्ग (स्नेहन), स्वेदन (सेक्ने) पूर्वकर्म र त्यसपछि पञ्चकर्मका सेवा दिँदै आएको छ ।

उनले आगामी दिनमा यसलाई निरन्तरता दिन जिल्लाका सबै स्थानीय तहले सहयोग गर्नुपर्ने बताए । उनले भने, 'चन्दननाथले यस पटक २० लाख दिने निर्णय गरेको छ । अरु पालिकाले सहयोग गरेको खण्डमा आयुर्वेद स्वास्थ्य केन्द्रका सेवा थप राम्रो हुने देखिएको छ ।'

त्यस्तै नगरपालिकाकी उपमेयर रामदेवी खड्काले आयुर्वेदको सेवा सहज बनाउनका लागि नगरपालिकाले २० लाख दिने निर्णय गरेको बताइन् । उनले भनिन्, 'पछिल्लो समयमा हाडजोर्नी दुख्ने समस्या धेरैमा छ । स्वास्थ्य सुरक्षाका हिसावले पनि आयुर्वेद उपचार राम्रो मानिएको छ ।'

चन्दननाथका प्रमुख प्रशासकीय अधिकृत धर्मराज न्यौपानेले आयुर्वेद स्वास्थ्य केन्द्रलाई थेरापीका समग्री, औषधि उपकरणलगायतका समान खरिदका लागि बजेट उपलब्ध गराउने कार्यपालिकाले निर्णय गरेको बताए । उनले आयुर्वेद स्वास्थ्य केन्द्रको सेवालाई थप राम्रो बनाउने उद्देश्यले उक्त रकम दिइएको बताए ।

आयुर्वेद अस्पतालमा बाथ, अम्लपत्ति, दम, खोकी, पिनास, ग्याषटाईट्रिक, पाइल्स, छाला रोग, स्त्री रोग, उच्च रक्तचाप लगायतका रोगहरुको उपचार हुने गरेको छ । अझै स्थानीय स्तरमा यसको उपचारका बारेमा जानकारी दिने कार्यक्रम गरिने आयुर्वेद स्वास्थ्य केन्द्र जुम्लाले बताएको छ ।

# कवि न्यौपानेको उपचारका लागि उनकै कृति 'सपनाका लहरहरु-२' बिक्री अभियान



**रुपन्देही/मस-** रुपन्देहीको देवदहमा माघ २५ गतेदेखि आयोजित आठौं औद्योगिक व्यापार मेला, कृषि तथा पर्यटन महोत्सव २०८० सञ्चालन भइरहेको छ । महोत्सवको प्रांगणमा 'क्यान्सरको कालोविरुद्ध उज्यालो' लेखिएको ब्यानरमा केही युवाहरु पुस्तक बिक्री गरिरहेका देखिन्छन् ।

सामाजिक रुपान्तरण, सभ्य समाज र आदर्श नागरिक निर्माणर्थ 'समाजको पारदर्शीता, साहित्य र पत्रकारिता' भन्ने मूल नारा बोकेर स्थापित संस्था उज्यालो लाल्टिन प्रतिष्ठानले क्यान्सर रोगका विरुद्ध लडिरहेका एक योद्धा कवि नवराज न्यौपानेको सहयोगार्थ देवदह महोत्सवमा 'सपनाका लहरहरु-२' कृति बिक्री अभियान सञ्चालन गरेको छ ।

काभ्रे निवासी कवि न्यौपाने लामो समयदेखि क्यान्सर रोगसँग लडिरहेको र क्यान्सरसँग लडिरहँदा अस्पतालको बेडबाटै उनले लेखेको पुस्तक सपनाका लहरहरु-२ प्रकाशित भएको थाहा पाएपछि कवि न्यौपानेलाई सानो नै भएपनि सहयोग गर्नुपर्छ भन्ने उद्देश्यले पुस्तक बिक्री अभियान सञ्चालन गरिएको प्रतिष्ठानका अध्यक्ष सागर भट्टराईले बताए ।

शुक्रबारदेखि शुरु गरिएको अभियानमा १२० भन्दा बढी पुस्तक बिक्री भएको र पुस्तक बिक्री गरी सबै रकम कवि न्यौपानेको उपचारका लागि पठाइने अध्यक्ष भट्टराईले जानकारी दिए । प्रतिष्ठानका संस्थापक अध्यक्ष स्वतन्त्र नेपालले जीवनको कठिनभन्दा कठिन समयमा पनि एउटा कविले कसरी आफूलाई सम्हाल्छ र सपनाहरु बुनिरहन्छ भन्ने उदाहरण कवि न्यौपाने रहेको र उनलाई सहयोग गर्नु सबैको दायित्व रहेको बताए ।

पुस्तकको मूल्य ५०० रहेको र ईसेवाबाट भुक्तानी गरेको अवस्थामा पनि प्रतिष्ठानका सदस्यले पुस्तक हातमा पुऱ्याइदिने प्रतिष्ठानले जनाएको छ । २०७३ सालमा स्थापना भएको उज्यालो लालटिन प्रतिष्ठानले देवदहमा एम्बुलेन्स सञ्चालन गर्नुका साथै विभिन्न सामाजिक कार्यमा आफूलाई सक्रिय गराउँदै आएको छ ।

## नक्कली डीएसपी पक्राउ

**राहुल गुप्ता/मध्यान्ह**
काठमाडौं, ७ फागुन

काठमाडौंको लाजिम्पाटमा मधेशी मूलका गाडी चालकलाई धम्क्याउने तथा थर्काउने नक्कली डीएसपी पक्राउ परेका छन् । काठमाडौं प्रहरी परिसरको टोलीले काठमाडौं महानगरपालिका-४ चुनदेवीका ५२ वर्षीय प्रविन श्रेष्ठलाई पक्राउ गरेको हो ।

उनले गत शनिबार राति लाजिम्पाट क्षेत्रमा गाडी साइड लगाउने विषयमा ती चालकलाई आफू प्रहरीको डीएसपी भएको भन्दै धाक धम्कीसहित गालीगलौज गरेका थिए । वीरगञ्जका अंकित गुप्ताले गाडी ओभरटेक गरेको भन्दै श्रेष्ठले उनलाई 'तँ इन्डियन नागरिकता छ कि छैन, म डीएसपी हुँ' भन्दै अपशब्द समेत प्रयोग गरेका थिए ।

श्रेष्ठले गुप्तालाई धम्क्याएको भिडियो सामाजिक सञ्जालमा भाइरल भइरहेको छ । पक्राउ परेका श्रेष्ठविरुद्ध नैतिकताविरुद्धको कसुर अनुसन्धान अघि बढाइएको प्रहरीले जनाएको छ ।

## चौंरीदेउराली गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**ढाँडखर्क भञ्ज्याङ्ग, काभ्रेपलाञ्चोक**
बागमती प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

मितिः२०८०/११/०८

प्रस्तुत विषयमा यस कार्यालयबाट मितिः२०८०/०९/०६ गते विद्युतिय खरिद प्रकृयाबाट आव्हान गरेको बोलपत्रको यस कार्यालयबाट मुल्याङ्कन हुँदा तपसिल उल्लेखित बोलपत्रदाताको बोलपत्र न्यूनतम मुल्याङ्कित सारभूत रूपमा प्रभावग्राही देखिएकाले उक्त बोलपत्रहरु स्वीकृत गर्ने आशय रहेकोले सार्वजनिक खरिद ऐन ,२०६३ को दफा २७ र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | कार्यको विवरण | ठेक्का नं. | बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम (VAT सहित) |
|---|---|---|---|---|
| १. | Dhadkharka Bhanjyang Manedada Thulipadhera Sadak Package-02, Chaunrideurali-09 | CDRM/WORKS/ NCB/ 03/080/81 | श्री Himjyoti Nirman Sewa Pvt. Ltd, Kathmandu-31 | रु.६६,००,३९५.८१।- |

प्रमुख प्रशासकीय अधिकृत

## अधिकतम खुद्रा विक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस फर्म/कम्पनीले चाईना/इण्डियाबाट पैठारी गरेको देहायको मालवस्तुहरुको अधिकतम खुद्रा विक्री मूल्य निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

तपसिल

| सि. नं. | मालवस्तुको विवरण | आकार प्रकार | ब्राण्ड | मोडल | क्षमता | उत्पतिको मुलुक /राष्ट्र | ईकाई | प्रति ईकाई मुल्य | अधिकतम खुद्रा विक्री मूल्य (MRP) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | Refrigerator | 540*580*1050 | HITECH | HS-180SDR | 170 Litre | India | Pcs | 24890.85 | 24890.85 | |
| २ | Refrigerator | 540*580*1050 | HITECH | HS-180SDB | 170 Litre | India | Pcs | 24890.85 | 24890.85 | |
| ३ | Refrigerator | 540*580*1050 | HITECH | HS-175LMF | 170 Litre | India | Pcs | 25590.91 | 25590.91 | |
| ४ | Refrigerator | 540*580*1050 | HITECH | HS-175LBF | 170 Litre | India | Pcs | 25590.91 | 25590.91 | |
| ५ | Refrigerator | 540*670*1065 | HITECH | HS-190LMF | 180 Litre | India | Pcs | 26985.50 | 26985.50 | |
| ६ | Refrigerator | 540*670*1065 | HITECH | HS-190LBF | 180 Litre | India | Pcs | 26985.50 | 26985.50 | |
| ७ | Refrigerator | 540*580*1050 | ROWA | RS-180SDR | 170 Litre | India | Pcs | 24890.85 | 24890.85 | |
| ८ | Refrigerator | 540*580*1050 | ROWA | RS-180SDB | 170 Litre | India | Pcs | 24890.85 | 24890.85 | |
| ९ | Refrigerator | 540*580*1050 | ROWA | RS-175LMF | 170 Litre | India | Pcs | 25590.91 | 25590.91 | |
| १० | Refrigerator | 540*580*1050 | ROWA | RS-175LBF | 170 Litre | India | Pcs | 25590.91 | 25590.91 | |

जे.एन ईण्डस्ट्रीज प्रा.लि.
सँतुगल, काठमाडौं
स्थायी लेखा नं ६०१८५६५५८
फोन नं.९८०१२३५०८०

## अधिकतम खुद्रा विक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस फर्म/कम्पनीले चाईना/इण्डियाबाट पैठारी गरेको देहायको मालवस्तुहरुको अधिकतम खुद्रा विक्री मूल्य निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

तपसिल

| सि.नं. | मालवस्तुको विवरण | आकार प्रकार | ब्राण्ड | मोडल | क्षमता | उत्पतिको मुलुक/राष्ट्र | ईकाई | प्रति ईकाई मुल्य | अधिकतम खुद्रा विक्री मूल्य (MRP) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Air Cooler | 46*82*34 mm | JN HITACHI FUJIAN | HF-COL35PCA | 35L | India | Pcs | 11500.00 | 11500.00 | |
| २. | Air Cooler | 70.5*103*47.5 cm | JN HITACHI FUJIAN | HF-COL55DGA | 55L | India | Pcs | 18100.00 | 18100.00 | |
| ३. | Air Cooler | 70.5*110*47.5 cm | JN HITACHI FUJIAN | HF-COL72DGA | 72L | India | Pcs | 18900.00 | 18900.00 | |
| ४. | Chest Freezer | 1180*665*830 mm | HITECH | HVCF-418DD | 320L | India | Pcs | 51900.00 | 51900.00 | |

जे.एन.एक्जीम प्रा.लि.
सँतुगल, काठमाडौं
स्थायी लेखा नं ३०२८६९३०३
फोन नं.९८०१२३५०८०


## साइप्रसमा रोजगार | कम्पनी : Georgios Kontogiannis Private Employment & Immigration Services
शहरः Cyprus
पूर्व स्वीकृत मितिः २०८०/०१/०७ चलानी नं.: ६०२००५७७ LT. No.: 284776 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer Agiculture Farm | 4 | 13 | स. काममा दक्ष | 455 | ६४,९७९ | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : Efthymios Mammides -233 शहरः Cyprus
पूर्व स्वीकृत मितिः २०८०/११/०४ चलानी नं.: ६०२१५१९१ LT. No.: 300097

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Domestic Worker | 2 | 28 | स. काममा दक्ष | 400 | ५७,१२४ | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | | २ वर्ष |

३. कम्पनी : Efthymios Mammides -233 शहरः Cyprus
पूर्व स्वीकृत मितिः २०८०/११/०४ चलानी नं.: ६०२१५१९२ LT. No.: 300098

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Domestic Worker | 2 | 28 | स. काममा दक्ष | 400 | ५७,१२४ | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | | २ वर्ष |

४. कम्पनी : SA.GI.AN MANPOWER LIMITED (LIC. NO: 224) शहरः Cyprus
पूर्व स्वीकृत मितिः २०७९/०८/१४ चलानी नं.: ६०१९२५७५ LT. No.: 276879 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LABOURER | 0 | 6 | स. काममा दक्ष | 455 | ६४,९७९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

५. कम्पनी : red panda employment private employment agency शहरः Cyprus
पूर्व स्वीकृत मितिः २०७९/०४/३० चलानी नं.: ६०१८५६२३ LT. No.: 269305 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waitress | 0 | 1 | स. काममा दक्ष | 949.29 | १३५,६७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० फागुन १५ गते (27 February 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**अग्नि ओभरसिज प्रा. लि.**
श्रम ईजाजत नं.: ९५९/०६७/०६८
सामाखुसी-२६, टाउन प्लानिङ्ग, काठमाडौं, फोन नं. ०१-४९५०३८९, मो.: ९८४०४११७८५

## CYPRUS मा रोजगार | कम्पनीः ANSOT EMPLOYMENT SERVICES LIMITED
शहर : AYIA NAPA
पूर्व स्वीकृत मितिः २०८०/११/०६ चलानी नं.: ६०२१५१७७ LT. No.: 300124

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cooks | 20 | 0 | स. काममा दक्ष | 900 | १२८,५२९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनीः Ansot Employment Services Limited शहर : AYIA NAPA
पूर्व स्वीकृत मितिः २०८०/११/०६ चलानी नं.: ६०२१५१७५ LT. No.: 300121

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Houskeeping | 10 | 10 | स. काममा दक्ष | 970 | १३८,५२६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनीः Ansot Employment Services Limited शहर : AYIA NAPA
पूर्व स्वीकृत मितिः २०८०/११/०६ चलानी नं.: ६०२१५१७६ LT. No.: 300120

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Bartender | 10 | 0 | सम्बन्धित काममा दक्ष | 1296 | १८५,०८२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Houskeeping | 5 | 5 | | 970 | १३८,५२६ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० फागुन १५ गते (27 February 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. ३५,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**मिराकल म्यानपावर प्रा. लि.**
श्रम इजाजत नं. १२२३/०७४/०७५
पो.ब.नं.: ५७२, सामाखुशी-२६, काठमाडौं, फोन: ४९५१००३
Mob. : 9802022331
Email: manpowermiracle@gmail.com, Web.: manpowermiracle.com

## कुबेतमा वैदेशिक रोजगार अवसर
कम्पनी : AL-HANA UNITED GEN TRAD & CONT CO. शहरः Kuwait
पूर्व स्वीकृत मितिः २०८०/१०/१५ चलानी नं.: ६०२१४६३३ LT. No.: 299806 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | CASHIER | 10 | 25 | सम्बन्धित काममा दक्ष | 120 | ५१,६४२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | CLEANER (INDOOR) | 10 | 50 | | 90 | ३८,७३२ | | | | | | | |
| 3. | Salesperson | 10 | 25 | | 120 | ५१,६४२ | | | | | | | |
| 4. | Security Guard | 10 | 0 | | 125 | ५३,७९४ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० फागुन १५, १६ र १७ गते (27, 28 & 29 February 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**थ्रि ब्रदर्श ह्युमन रिसोर्स प्रा.लि.**
श्रम ईजाजत पत्र नं. ७१३/०६४/०६५
बत्तिसपुतली-९, काठमाडौं, फोन नं. ०१-४५६५३९४, ४५६५४९४, मो. : ९८२३३२३५७७
E-mail: threebrothershrrec@gmail.com
थप जानकारीका लागी तलको मोबाइल नम्बरमा सम्पर्क गर्नुहोला ।
Contact us (WhatsApp): 9823323577, 9818047443,
9851023594, 9851127063, 9851186125, 9851012102

# शैक्षिक सुधारका लागि पालिकास्तरमा कार्यक्रम गर्दै नेपाल शिक्षक संघ

**सरु भुसाल/मध्यान्ह**
अर्घाखाँची, ७ फागुन



नेपाल शिक्षक संघ अर्घाखाँचीको औं प्रतिनिधि सभा सन्धिखर्कमा सम्पन्न भएको छ । संघको विधान अनुसार माघ महिनाभित्र प्रतिनिधि सभा सम्पन्न गर्नुपर्ने व्यवस्था अनुसार प्रतिनिधि सभा सन्धिखर्कमा गरिएको हो ।

प्रतिनिधि सभाले अर्घाखाँचीका ६ पालिकामा शिक्षकको पेशागत विकासका लागि आइसीटी तालिम सञ्चालन गर्ने, संघका आवद्ध महिला प्रधानाध्यापकको सञ्जाल तयार गरी पेशागत दक्षता वृद्धि गर्न कार्यक्रम सञ्चालन गर्ने, समावेशिताको सिद्धान्तलाई आत्मसाथ गर्दै महिला शिक्षकका लागि नेतृत्व क्षमता विकास तालिम सञ्चालन गर्ने, विद्यार्थीहरूलाई लक्षित गरेर पालिकाहरूका साहित्यिक कार्यक्रम सञ्चालन गर्ने, विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघका अध्यक्ष र वडा अध्यक्षसँग सयुक्त रुपमा शैक्षिक सुधारका लागि अन्तरक्रिया र छलफल गर्ने लगायतका निर्णय गरेको शिक्षक संघका जिल्ला सचिव कृष्ण खनालले बताए ।

नेपाल शिक्षक संघ अर्घाखाँचीमा हाल १ हजार ३७ सदस्य रहेको नेपाल शिक्षक संघले जनाएको छ। कार्यक्रममा पालिकास्तरमा उत्कृष्ट कार्य गरे वापत शिक्षक संघ स्थानीय कार्य समिति पूर्व शिक्षक सघका अध्यक्षहरु, विद्यालयबाट निवृत शिक्षकहरु, शिक्षामा योगदान पुऱ्याएकाहरुलाई सम्मान गरिएको थियो । कार्यक्रम नेपाल शिक्षक संघका जिल्ला अध्यक्ष शारदा भट्टराईको सभापतित्व, शिक्षक संघघका केन्द्रीय उपाध्यक्ष धना भण्डारीको प्रमुख आतिथ्यता रहेको थियो ।

कार्यक्रमका केन्द्रीय उपाध्यक्ष धना भण्डारीले शिक्षा क्षेत्रको विकासका लागि संस्कारयुक्त शिक्षामा जोड दिँदै अभिभावक, विद्यार्थी र शिक्षकको त्रिपक्षीय सम्बन्ध सुधार गर्न सके शिक्षाको उन्नति हुने बताइन् । साथै उनले लोकतन्त्रको जर्गेना, समाजको उन्नतिका लागि शिक्षकहरूले अगुवाको भूमिका निर्वाह गरेको भन्दै आगामी दिनमा अझ सशक्त ढंगले लाग्न आग्रह गरिन् ।

प्रतिनिधिसभाले संघका जिल्ला सचिव कृष्ण खनालले प्रस्तुत गरेको सांगठनिक प्रतिवेदन, अर्थ सचिव कृष्ण अधिकारीले प्रस्तुत गरेको आर्थिक प्रतिवेदन छलफल गरी पारित गरिएको छ ।

कार्यक्रममा विशिष्ट अतिथि संघका केन्द्रीय सदस्य दिपक ज्ञवाली, पूर्व जिल्ला अध्यक्ष तथा पूर्व समन्वय प्रमुख पितामवर शर्मा नेपाली कांग्रेस अर्घाखाँचीका कार्यबाहक सभापति बिष्णु भुसाल, पार्टी उपसभापति बाबुराम पौडेल, नेपाल शिक्षक संघका पूर्व अध्यक्ष यादव प्रसाद घिमिरे, नेपाली कांग्रेस प्रदेश सभा 'क' सभापति राजेश पन्थी, प्रदेश सभा 'ख' सभापति हेमन्त बेल्वासे, नेपाल विद्यार्थी संघका अध्यक्ष कृष्ण भुसाल, पूर्व अध्यक्ष भरतमणी भट्टराई , प्रेस युनियनका अध्यक्ष लक्ष्मण घिमिरे, महिला सघका अध्यक्ष जानका बन्जाडे लगायत वक्ताहरूले समाजका हरेक क्षेत्रको अगुवाइ शिक्षकले गरेको बताए । कार्यक्रम कृष्ण खनालले सञ्चालन गरेका थिए भने उपाध्यक्ष हरि प्रसाद घिमिरेको स्वागत मन्तव्य राखेका थिए। कार्यक्रम शारादा भट्टराईको अध्यक्षतामा भएको थियो ।

# सम्झौताको ६ महिना अगावै पुल निर्माण कार्य सम्पन्न

**सन्तोष पौडेल/मध्यान्ह**
बर्दिया, ७ फागुन



बर्दियाको गेरुवा गाउँपालिका वडा नं ४ गिदरपुरस्थित चारगाँउ कुलोमा सम्झौताको ६ महिना अगावै पुल निर्माण कार्य सम्पन्न भएको छ । काठले बनेको जीर्ण पुललाई विस्तापित गर्न सो पक्किपुल निर्माण गरिएको हो ।

१० मिटर लम्बाई, ६ मिटर चौडाईको र ४.५ मिटर उचाई रहेको पुल निर्माणका लागि २०८० जेठ १४ गते गेरुवा गाउँपालिका र गेरुवा निर्माण सेवाबीच एक वर्ष अर्थात् २०८१ असार १५ गतेभित्र सम्पन्न गर्ने सम्झौता भएको थियो ।

कुलोमा पानीको बहाव बढी भएको र सम्बन्धित जग्गा धनिले पानी ड्राइभर्सन गर्न नदिएपछि जेठ १५ गतेको सट्टा काम शुरु गर्न पुस लागेको थियो । सम्झौता अनुसार ६ महिना लागेको भएपनि आफुले निर्माण कार्य शुरु गरेको १ महिनमै पुलको काम सकेको गेरुवा निर्माण सेवाका सञ्चालक झनकुमार ढकालले बताए ।

करिव ३९ लाख रुपैयाँको लागतमा निर्माण सम्पन्न पुल गाउँपालिकाका प्राविधिकहरुको सक्रियता, स्थानीयको हातेमालोले छोटो समयमानै सम्पन्न गर्न सफल भएको ढकालले बताए । उनले भने, 'राम्रो काम गर्ने, समय अगावै निर्माण कार्य सम्पन्न गर्ने निर्माण सेवालाई पालिकाले प्रोत्साहन गर्न जरुरी छ । पालिकाले समयमानै सम्पन्न गर्ने जो सुकै निर्माण कम्पनीलाई थप उर्जा प्रदान गर्ने काम गर्नुपर्छ' उनले थपे ।

गेरुवा गाउँ पालिकाकाका प्रमुख प्रशासकीय अधिकृत नर बहादुर चन्दले छोटो समयमा ठुलो लागतमा पक्की पुल निर्माण कार्य सम्पन्न हुनुले आफुहरुमा थप उर्जा प्राप्त भएको बताए । उनले समयमै निर्माण कार्य सम्पन गर्ने निर्माण सेवालाई सदैव सहज वातावरणको सृजना गर्न आफु लागिपर्ने बताए ।

पुल निर्माण भएपछि गिदरपुर, गोला र भाँगावारीका ५ सय धरधुरी प्रत्यक्ष लाभान्वित भएका छन् ।

# बालबालिकामाथि हुने दुर्व्यवहार तथा हिंसाविरुद्ध सडक नाटक प्रदर्शन



**बर्दिया/मस-** गेरुवा गाउँपालिका वडा नं. ६ को सोनाफाँटामा बालबालिकामाथि हुने दुर्व्यवहार तथा हिंसाविरुद्ध जनचेतनामूलक सडक नाटक प्रदर्शन गरिएको छ । प्लान नेपालको आर्थिक तथा प्राविधिक सहयोगमा सञ्चालित 'बालिका सशक्त परियोजना' अन्तर्गत राधाकृष्ण थारु जनसेवा केन्द्रले सोमबार सडक नाटक प्रदर्शन गरेको हो ।

बालबलिकामाथि हुने दुर्व्यवहारमध्ये विद्यालय तथा समुदायमा हुने शारीरिक दुर्व्यवहारका बारेमा समुदायलाई सचेत गराउने उद्देश्यले नाटक प्रदर्शन गरिएको राधाकृष्ण थारु जनसेवा केन्द्रकी फिल्ड सुपरभाइजर शान्ति भट्टराईले बताइन् ।

नाटकमार्फत शारीरिक दुर्व्यवहार के-के हुन सक्छन् र त्यसले बालबालिकामा पार्न सक्ने नकारात्मक असर र समस्याका बारेमा समुदायलाई जानकारी दिइएको थियो भने विद्यालयमा हुने दुर्व्यवहारका बारेमा पनि जानकारी गराइएको थियो ।

## भुल सुधार गरिएको बारे

**प्रकाशित मिति २०८०/११/०८**

यस मध्यान्ह राष्ट्रिय दैनिक पत्रीकामा घोडाघोडी नगरपालिका वडा ९ कैलालीको भगतपुर सामुदायिक बनको काठ बिक्रि लिलाम सम्बन्धी २१ दिने सूचनामा प्रथम पटक प्रकाशित २०८०/१० १६ गते हुनु पर्नेमा २०८० /१० /१५ गते भएकाले यसै सूचना मार्फत सच्याएको छ ।

# अवैधरुपमा ल्याइएको कुखरा बरामद गरी नष्ट

**सत्येन्द्रप्रताप सिंह/मध्यान्ह**
रौतहट, ७ फागुन



भारतबाट अवैधरुपमा नेपाल ल्याउँदै गरिएको कुखुरा प्रहरीले बरामद गरेर नष्ट गरेको छ। इलाका प्रहरी कार्यालय कोपवापिपरीयाबाट खटिएको प्रहरी गस्ती टोलीले सोमबार परोहा नगरपालिका वडा नं. ६ हवारी चोकबाट कुखुरा बरामद गरेको हो ।

प्रहरीका अनुसार भारतबाट अवैधरुपमा भन्सार छलेर चोरी पैठारी गरी कुखुरा साइकलमा लोड गरी नेपालतर्फ ल्याँउदै गरेको अवस्थामा बरामद गरिएको हो । चार थान साइकलमा ६० कुखुरा अन्दाजी १२० किलो बरामद भएको जिल्ला प्रहरी कार्यालय रौतहटले जानकारी दिएको छ ।

बरामद गरिएको कुखुराको मूल्य ३८ हजार ४ सय रहेको र जिल्ला प्रहरी कार्यालयको प्राङ्गणमा कुखुरा नष्ट गरिएको प्रहरीले जनाएको छ ।

# लागुऔषधसहित पक्राउ

**काठमाडौं/मस-** मोरङको केराबारी गाउँपालिका-१० बगैचाबाट ब्राउनसुगर करिब १ ग्राम ४ सय मिलिग्राम, नगद १४ हजार ४ सय ७० रूपैयाँ र मोबाइल २ थानसहित एक जना पक्राउ परेका छन् । पक्राउ पर्नेमा सोही ठाउँ बस्ने २५ वर्षीय सुमन तामाङ रहेका छन् ।

कोशी प्रदेश अनुसन्धान समुह र ईलाका प्रहरी कार्यालय केराबारीबाट खटिएको प्रहरीले उनलाई उक्त लागुऔषधसहित पक्राउ गरेको हो ।

यसैबीच बारा प्रसौनी गाउँपालिका-१ नकटुवा चोकबाट अवैध लागुऔषध गाँजा करिब ४ किलो २ सय ग्रामसहित २ जनालाई आइतबार साँझ प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा पर्सा वीरगंज महानगरपालिका-१३ रानीघाट बस्ने २० वर्षीय गल्लु यादव र बारा प्रसौनी गाउँपालिका-४ खुटवा बस्ने २६ वर्षीय फुलमान अंसारी रहेका छन्। ईलाका प्रहरी कार्यालय प्रसौनीबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त गाँजासहित पक्राउ गरेको हो।


## ठाकुरबाबा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय, बर्दिया
**लुम्बिनी प्रदेश, नेपाल**

### बोलपत्र आह्वानको सूचना

**(प्रथम पटक प्रकाशन मिति : २०८०/११/०८ गते)**

यस नगरपालिकाको वार्षिक स्वीकृत कार्यक्रम अर्न्तगत E–Bidding मार्फत तपशिल बमोजिमको सार्वजनिक खरिद कार्य गर्नुपर्ने भएकोले तपसिल कार्य गर्न इच्छुक र इजाजत प्राप्त फर्म/कम्पनी/संस्थाले रितपूर्वकको बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिलः**

| ठेक्का नं. | विवरण | बोलपत्र फारम दस्तुर | जमानत रकम | खाता विवरण |
|---|---|---|---|---|
| TBM/W/NCB-27/080/081 | Constructio Of Slab Culkvert in way to Tiger top and Sutaiya Thakurbaba-8 | ३०००/- | ८००००/- | १) आन्तरिक राजस्व खाताः १६१२०५००२८२९६००२<br>२) धरौटी खाताः १६१२०५०५२३८८८०१३<br>बैकः NIC Asia Bank, Bhurigaun Branch |
| TBM/W/NCB-28/080/081 | Construction Of Thakurbaba-9 Ward Office Boundary Wall | ३०००/- | ८८०००/- | |
| TBM/W/SQ-29/080/081 | Sahari Saswathey Chauki Nirman | १०००/- | ४५०००/- | |

यो सूचनाको विस्तृत जानकारी का लागि PPMO को Website: www.bolpatra.gov.np/egp वाट Download गरि प्राप्त गर्न सकिने छ वा यस नगरपालिकाको कार्यालयमा कार्यालय समयभित्र सम्पर्क गर्न सकिने छ ।

### हकदावी सम्बन्धी ३५ दिने सूचना

